www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १६ | पूर्णाङ्क ५४ | चैत २०७७




दस हजार माइलको यात्रा

प्रयासको प्रयास

भूमिसम्बन्धी मूल समस्या हल गर्ने गरी काम भइरहेको छ

## जय जगत्को सन्देश

# भूमि अधिकार

वर्ष १६ | पूर्णाङ्क ५४ | चैत २०७७

किसानमुखी कार्यक्रम ल्याऊ...४
जय जगत्‌को सन्देश...५
दस हजार माइलको यात्रा...१०
प्रयासको प्रयास...१२
भूमिसम्बन्धी मूल समस्या हल गर्ने गरी काम भइरहेको छ ...१४
संयुक्त लालपुर्जा ...१६
किसान महिलाको सम्मान...१६
भूकम्प, पुनर्निर्माण र भूमि सवाल...१९
यात्रा र सङ्घर्षले दिएको सन्देश...२२
समानताका लागि भूमि अधिकार...२३
कृषिमा कोरोना प्रभाव...२५
एमएसटीको छैटौँ महाधिवेशन...२७
सडकमा नउत्री संवाद हुँदैन ...२७
कृषि विकासको आधार ...२९
भूमि सम्बन्धी (आठौं संशोधन) ऐन, २०७६...३२









प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमि घर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर :** जय जगत् २०२०, यात्रा अन्तर्गत पाकिस्तानको कराँचीमा निकालिएको शान्ति र्‍याली

# किसानमुखी कार्यक्रम ल्याऊ

विश्वभर फैलिएको कोरोना महामारीको असर हामी सबैले भोगिरहेका छौँ । अझै के के हुने हो ? कति भोग्नुपर्ने हो ? कुनै ठेगान छैन । विश्वभरका अरबौं मानिसले महिनौँसम्म घरमा बसेर बिताउनुपर्‍यो । शैक्षिक संस्थान, उद्योग कलकारखाना, सरकारी/गैरसरकारी कार्यालय सबै बन्द भए । हवाई उडान रोकिए । कृषि उद्योग र ठूला फार्म पनि समस्यामा परे ।

फेरि पनि संसारभरको पारिवारिक खेतीपाती रोकिएन । किसानले आफ्ना वस्तुभाउलाई खुवाउन छाडेनन् । बाली लगाउने र उठाउने काममा लागिपरे । हो, उनीहरूलाई पनि कोरोनाको त्रास थियो । तर सुरक्षिततवरले परिवारका सदस्यले आफ्नो खेतीपातीलाई निरन्तरता दिन सम्भव भयो । खेतीपाती अरू पेसा वा व्यवसाय जस्तो 'वर्क फर्म होम' (घरमै बसेर गर्न मिल्ने काम थिएन) । त्यसैले गोठमा, खेतमा, वनमा नगई सुख थिएन ।

किसानलाई अप्ठेरो हुँदै नभएको हैन । उत्पादित उपजहरू बिक्री गर्न समस्या भयो । गाईभैंसीको दूध बिक्रीमा कठिनाइ भयो । तरकारीहरू किन्ने स्थानीय तहमा भएनन् । टाढाबाट किन्न कोही आएन । आए पनि सस्तोमा बेच्नुपर्ने अवस्था आइलाग्यो । बाली लगाउन बीउ नपाउने स्थिति भयो । कुखुरा पाल्नेले दाना अभावमा चल्ला गाड्नुपर्ने अवस्था आयो । सरकारले यस्तो अवस्था आउन नदिन हरप्रयत्न नगरेको हैन । गरेकै थियो । तर पनि नसोचेको महामारी यसरी आउला भनेर सम्पूर्ण तयारी कसैले गरेकै थिएन ।

ठूला व्यापारिक खेती वा पशु पालनतर्फ गइनसकेको हाम्रो मुलुकमा दुःख भए पनि पारिवारिक खेतीपातीमा संलग्न किसानले आफ्ना उपज फाल्नुपर्ने अवस्था भएन । गाईवस्तु वा कुखुरा खाल्डो खनेर गाड्नुपर्ने अवस्था आएन । जसले व्यावसायिकको नाममा हाइब्रिड र बाहिरको दाना ल्याएर व्यवसाय गरेको थियो उसलाई बढी गाह्रो भयो ।

यस महामारीले कठिनाइ पारेको भए पनि केही राम्रा पाठ पनि सिकाएको छ । कस्तो किसिमको खेतीपाती अपनाउने ? कुन ठीक ? कुन दिगो ? कुन भरपर्दो ? भन्ने विषयमा यसले पुनः बहस अगाडि ल्याएको छ । पारिवारिक खेतीको विकल्प नभएको जिकिरलाई यसले बलमात्र पुगेको हैन । प्रमाणित नै गरेर देखाएको छ । अर्को विषय यसले समाजमा किसानको ऐतिहासिक भूमिकालाई उजागर गरेको छ । उनीहरूले सारा मानिसलाई खुवाउने उत्पादन गरेर एउटा महत्वपूर्ण जिम्मेवारी बहन गरेका छन् ।

युद्ध होस् वा तानाशाहीका बेला, विपत्ति होस् वा महामारी, सबैखाले विपद्का अवस्थामा किसानी कर्म रोकिएको छैन । भूकम्प र नाकाबन्दीले पनि किसानी पेसामा लागेकालाई ठूलो असर गरेन, आफ्नो कर्ममा व्यस्त भएकै कारण । हो, किसानले नउब्जाउने हो भने के खाने ? कसरी खाने ? पैसा भए पनि कहाँबाट किन्ने ? यस अर्थमा किसानी पेशा सबभन्दा उत्कृष्ट र मानव अस्तित्वसँग सबभन्दा बढी जोडिएको विषय हो भन्ने धेरैलाई महसुस गराएको हुनुपर्छ ।

खाना उत्पादन नभएपछि पैसा भएर पनि किनेर कहाँबाट ल्याउने ? अहिले नै पनि कृषि मजदूरलाई खाना सकिएपछि कसरी किन्ने भन्ने समस्या थियो भने धनी वा पैसा भएको वर्गलाई कहाँबाट किन्ने ? उत्पादन नै सकियो भने के खाने भन्ने समस्याले पिरोल्यो ।

कोरोना भाइरस डिजिज (कोभिड-१९) ले संसारभरका मानिसलाई बन्दाबन्दी (लक डाउन) मा राख्यो । एक हिसावले सबैलाई घरको जेलमा राखिदियो । खुट्टा भएर पनि हिंड्न नपाइने बनाइदियो । कसैलाई चल्न चट्पटाउन दिएन । यो खतरनाक भाइरसले विश्वभरको खाद्य प्रणालीलाई पनि उदाङ्गो बनाएको छ । औद्योगिक कृषि मानव जीवनका लागि कति खतरनाक हुँदोरहेछ भन्ने प्रस्ट भएको छ ।

त्यसैले हामीले यस महामारीबाट सिक्नुपर्छ कि स्थानीय, उत्थानशील र विविधपूर्ण कृषि र खाद्य प्रणाली निर्माणमा लगानी गर्नुपर्छ । सरकार खाद्य सम्प्रभुताको मर्मअनुसार चल्नुपर्छ । जनमुखी भूमि तथा कृषि सुधारको माध्यमबाट पर्यावरणमैत्री कृषिमा जोड दिनुपर्छ ।

विकास र जैविक विविधताको संरक्षण एवं सुधारका लागि विश्वका हरेक भूभागका ग्रामीण क्षेत्रमा कार्यरत किसान तथा अन्य मानिसका विगत, वर्तमान एवं भविष्यका योगदानकर्ता (जसले विश्वभर खाद्यान्न तथा कृषि उत्पादनको आधार निर्माण गर्छन् र पर्याप्त खाना एवं खाद्य सुरक्षाको अधिकार सुनिश्चित गर्न योगदान पुऱ्याइरहेका छन्) को संरक्षणमा दरो कदम उठाउन आवश्यक छ ।

कोरोना महामारीले भूमिको सम्बन्धमा पनि हेरफेर ल्याउनेछ । जग्गा अधिया र बटैयामा कमाइ गर्नेको जमिन गुम्न सक्छ । उत्पादन कम भए पनि जग्गा धनीलाई उत्ति नै अनाज वा रकम बुझाउनुपर्ने हुन सक्छ । यस्तो अवस्थालाई पनि विचार गरी सरकारले भूमिहीन र साना किसानका लागि विशेष कार्यक्रमहरू ल्याउन आवश्यक छ । अन्यथा महामारीलगत्तै त्योभन्दा पनि ठूलो भोकमरीले सयौं गुना मानिसको इहलीला समाप्त हुन सक्नेछ ।





रघुनाथ लामिछाने

# जय जगत्को सन्देश




## पहिलो वास्तविकता

पूरै संसार विकासतर्फ अघि बढिरहेको छ। यस क्रममा धनीको सङ्ख्या निकै बढिरहेको छ। यसरी धनीको सङ्ख्या बढ्दा गरिबका सङ्ख्या घट्दै जानुपर्ने हो। तर विडम्बना, गरिबको सङ्ख्या झन् झन् बढ्दो छ। अक्सफामका अनुसार १ प्रतिशत मानिसको हातमा रहेको सम्पत्ति बाँकी ९९ प्रतिशतको स्वामित्वमा रहेको भन्दा बढी छ।

## दोस्रो वास्तविकता

असमानता दिन दिगुना, रात चौगुनाका दरले बढिरहेको छ। देश-देशबीच, लिङ्ग-लिङ्गबीच, धार्मिक सम्प्रदायबीच, धनी र गरिबबीच खाडल झन् फराकिलो हुँदै गएको छ। जसले सिङ्गो विश्वभर द्वन्द्व निम्त्याइरहेको छ। एक तथ्याङ्कअनुसार विश्वका सम्पूर्ण राष्ट्रले विकासका नाममा जति बजेट छुट्याउँछन् त्यसमध्येको आधा त यस्तै असमानताले सिर्जना गरेका द्वन्द्व साम्य पार्नका लागि खर्च हुने गरेको छ।

## तेस्रो वास्तविकता

जलवायु परिवर्तनको असर बढ्दो छ। जसले सबभन्दा बढी कार्बन डाइअक्साइड उत्पादन गर्छ ऊभन्दा बढी असुरक्षित यस्तो कार्यमा कुनै भूमिकै नभएका राष्ट्र परिरहेका छन्। त्यसैले एकातिर दोषी सुरक्षित हुने अर्कोतिर निर्दोषचाहिँ 'नखाएको विष' का कारण छट्पटाउने स्थिति सिर्जना भएको छ। उदाहरणका लागि अमेरिका विश्वमै सबैभन्दा बढी कार्बन डाइअक्साइड उत्पादन गर्ने मुलुक हो तर उसैले यसलाई न्यून गर्ने मुख्य सन्धिमा सहमति जनाएको छैन।

## चौथो वास्तविकता

मानिस अहिंसक प्राणी हो। त्यसैले यसका दाह्रा बाघका जस्ता नभएका हुन्। आक्रमण गर्ने स्वभाव नभएकै कारण नङ्ग्रा भालुका जस्ता नभएका ठानिन्छ। तर जति पछि भयो उति उति मान्छे हिंसामा रमाउन थालेको छ। हिंसा उब्जाएर त्यसको आडमा व्यापार गर्न उद्यत छ। हिंसा घोलिदिएर धुमिल पानीमा माछा मार्ने कुकर्ममा संलग्न छ। देश भनिने सङ्गठित निकायले यस्ता कामको नेतृत्व गरिरहेका छन्।

यी ४ वटा यस्ता प्रतिनिधिमूलक वास्तविकता हुन् जसले शान्त तलाउमा ढुङ्गा फ्याँक्ने काम गरिरहेका छन्। विभेद र द्वन्द्वको बीउ रोपिरहेका छन्। तेरो र मेरोको भावनामा विश्व विभाजित छ। धन थुपार्ने र एक नम्बर अमिर बन्ने सपनामा जस्तासुकै हर्कत पनि गरिन थालिएका छन्। सीमित मानिसका यस्ता केही सोख पूरा गर्ने होडमा सिङ्गो विश्व च्यापिएको छ। परिणाम- अरबौं मानिस उनीहरूको महत्वाकाङ्क्षाको सिकार भएका छन्। करोडौं मानिसको बिल्लीबाठ भएको छ। सोझो अर्थमा भन्दा माथिका केही वास्तविकताका कारण आज करोडौं मानिस सडकमा जन्मेर सडकमै मनुपर्ने अवस्था सिर्जिएको छ।

सन् २०१९ को अक्टोबर २ बाट सुरु भएको जय जगत २०२० विश्व यात्रा यस्तै विसङ्गति सम्बोधन गर्ने दिशामा अग्रसर छ। करिब १८ सय किलोमिटर यात्रा पार गरेर जेनेभा पुग्ने यो यात्राको उद्देश्य एक मुलुकको समुन्नतिसँग मात्र जोडिएको छैन। यसले विश्वभर दिनानुदिन बढ्दै गएको गरिबी र असमानताविरुद्ध धावा बोल्नेछ। शक्ति राष्ट्रले गर्ने थिचोमिचोमात्र हैन, धनीको सोख पूरा गर्नका लागि गरिबले बलिदानी हुनुपर्ने अन्यायपूर्ण अवस्थाबारे पनि सचेत गराउनेछ। त्यतिमात्र पनि हैन, यो यात्राले अब अन्याय नसहन र त्यसका विरुद्ध हिंसारहित प्रतिवाद गर्न पनि प्रेरित गर्नेछ।

सिङ्गो भारतमा 'जल, जङ्गल और जमिन : जनता के अधीन' नारालाई




सफलीभूत तुल्याउन अग्रसर एकता परिषद्का कन्भेनर राजगोपाल पिभीको नेतृत्वमा जारी यो यात्रा अहिले भारतका विभिन्न प्रदेश सकाएर विदेश छिरेको छ। जसमा २०० मानिसले १२१ दिन अनवरत यात्रा गरेका थिए। समस्या समाधानका लागि शान्तिपूर्ण यात्रा (जय जगत) लाई माध्यम बनाउने अवधारणाकर्ता महात्मा गान्धीको १५० औँ जन्म दिवस पारेर नयाँ दिल्लीबाट सुरु भएको यो यात्रा भारतका विभिन्न प्रदेश हुँदै गएको जनवरी ३० मा महाराष्ट्रको बर्धा जिल्लास्थित गान्धीकै कुटीसामु पुगेको थियो।

यतिबेला दोस्रो चरणअन्तर्गत इरानबाट सुरु भएको यात्रा १० वटा देशमा चेतना फैलाउन उद्यत छ। यसैका लागि यतिबेला अर्मेनिया, जर्जिया, बुल्गेरिया, सर्बिया, बोस्निया, हर्जगोभिना, इटाली तथा स्विट्जरल्यान्ड जस्ता देशमा विश्वमा बढिरहेको असमानताविरुद्ध गरमागरम बहस भइरहेका छन्। यता भारतको टोली नेपाल आएको छ। नेपालको टोली पाकिस्तान गएको छ। जहाँ उनीहरू सरोकारवालासँग भेट्छन्। सञ्चारकर्मीसँग छलफल गर्छन्। कोणसभाहरू गर्छन्। भोगाईहरू आदान-प्रदान गर्छन्। समस्याको गाँठो फुकाउँछन् र समाधानका उपायबारे घण्टौँ बहस गर्छन्। वर्षभर नै चल्ने 'दिल्ली टु जेनेभा' यात्रामा भने विभिन्न मुलुकका ५० जना सहभागी छन्।

सन् २०२० को अक्टोबर २ मा जेनेभामा सहस्राब्दी विकास लक्ष्य तथा संयुक्त राष्ट्र सङ्घीय प्रतिनिधिहरूसँग 'ग्लोबल पिस मिट' गरेर समापन हुने यो यात्रामा सयौँ मानिस १ वर्षका लागि घरबार नै त्यागेर निस्किएका छन्। अन्तर्राष्ट्रिय स्तरमा करिब १० हजार मानिस प्रत्यक्ष संलग्न हुने अनुमान छ। आंशिकरूपमा सहभागी हुनेको त गणना गरेर साध्य नै छैन। जेनेभामा समापन हुने बेला करिब ५ हजार यात्री सहभागी हुने अनुमान छ। 'आर्किटेक्ट अफ दि मार्च' नाम दिइएका राजगोपाल पिभीको नेतृत्वमा जारी यात्राबाट करिब १ करोड मानिस समेटिने आकलन छ। यसबीचमा यात्री र हजारौँ मानिसबीच संवाद हुनेछ। यात्राले विशेषगरी भूमिहीन, आदिबासी र अन्यायमा पारिएकासँग दोस्ती कसिलो बनाउनेछ। अन्याय र असमानताविरुद्ध आवाज उठाउन हौस्याउनेछ।

**वर्षभर नै चल्ने 'दिल्ली टु जेनेभा' यात्रामा भने विभिन्न मुलुकका ५० जना सहभागी छन्।**

विदेशी दातृनिकायका स्वार्थमा चल्ने आरोप लाग्छन् यस्ता सामाजिक संस्थालाई। तर एकता परिषद्ले आयोजना गरेको यो १ वर्षे यात्राको आर्थिक जोहोमा दातृ निकायको कुनै भूमिका छैन। परिषद्ले यात्राअघि आयोजना गरेको कलश यात्राले १४ लाख सहयोग पायो। त्यसबाहेक देशी/विदेशी सहयोगीले व्यक्तिगतरूपमा खुसी हुँदै दिएका रकमले यात्रा चलिरहेको छ। सकभर स्थानीय सहयोगीकै घरमा खाने, सार्वजनिकस्थलमा सुत्ने, मिलेसम्म पैदलै हिँड्ने जस्ता विशेषताले यात्रा जुन देश पुग्छ, सञ्चार माध्यमको चासोमा पर्ने अवस्था छ। केही हितैषीले सीमित अवधिका लागि दिएका जिपले औषधोपचार र आपत्कालीन अवस्थाका समस्या सम्बोधन गर्दै आएका छन्। जसमा इन्धनसमेत जहाँ पुगिन्छ त्यहीँका पेट्रोल पम्पलाई अनुरोध गरेर २-३ लिटर जति दिन्छन् त्यति नै हाल्ने व्यवस्था मिलाइएको छ। समापनका बेला उपस्थित हुने ५ हजार यात्रीको खानपिन व्यवस्थापन गर्ने प्रतिबद्धता जेनेभाका मेयरले सार्वजनिक गरिसकेका छन्।

भारतमा लाखौँ भूमिहीन, आदिवासी अहिले पनि जमिनसँग जोडिएको समस्याले सताइएका छन्। वन संरक्षण गर्ने तथा विभिन्न कम्पनी, फार्म स्थापना गर्ने नाममा आदिवासीलाई उठिबास लगाउने क्रम जारी छ। बर्सेनि हजारौँ किसान ऋणको पासोले बेरिएर मर्छन्। उनीहरूका यिनै समस्या समाधान गर्न वर्षौंदेखि कटिबद्ध एकता परिषद्ले यसअघि पनि यस्ता यात्रा आयोजना गरिसकेको छ। गान्धीवाद अर्थात अहिंसात्मक मार्ग अपनाएर शान्तिलाई साक्षी राख्दै आयोजना हुने यस्ता यात्राले यसअघि राम्रा परिणाम पनि हात परिसकेको छ भारतमा।

परिषद्कै आयोजनमा सन् २००७ मा पनि लामो यात्रा आयोजना भएको थियो। ८ वर्षअघि अर्थात सन् २०१२ मा पनि ग्वालियरदेखि दिल्लीसम्मको यात्रा आयोजना भएको थियो। तर करिब १ लाख जना सम्मिलित यो यात्रा दिल्ली पुग्नै पाएन।

दिल्लीमा बस्ने सरकार आग्रा आइपुग्यो र बरु समस्या समाधान गरिदिने तर यात्रा आइपुग्यो भने दिल्ली अस्तव्यस्त हुने भएकाले नआइदिन आग्रह गऱ्यो । यस्तै यात्राहरूको परिणाम हो कि भारत सरकार फरेस्ट राइट एक्ट ल्याउन बाध्य भयो । जसअन्तर्गत आफूले पुर्खौंदेखि खेती गरिरहेका जमिनमा लाखौं किसानले स्वामित्व पाए ।

अहिलेको यात्रा भने विश्वव्यापी हो । गान्धीवादमा विश्वास राख्ने भएकाले पनि यो यात्रा न सत्ताका लागि कसिङ्गर बन्छ न त शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीमा बसेका सुरक्षा निकायकै लागि तनावको स्रोत हुन्छ । जसले यात्राबारे थाहा पाउँछ खल्ती टक्टक्याएर भए पनि केही रकम दिन्छ । किनकि यो गरिबीविरुद्धको शान्तिपूर्ण लडाइँ हो । किनकि यो विश्वमा व्याप्त असमानताको खाडल साँघुऱ्याउने आवाज हो । किनकि यो भुइँ तहका मानिसको क्रन्दन सतहमा ल्याउने उपाय पनि हो । त्यसैले राजगोपाल पिभी सञ्चार माध्यमको मात्र हैन, सरकारको समेत दैनिक निगरानीमा पर्ने विषय भएका छन्- कहाँ जान्छन्, के गर्दैछन्, कस्ता एजेन्डा उठाउँदैछन् आदि ।

## यात्राका केही विशेषता

१ वर्षे यो विश्वव्यापी यात्रा सफल तुल्याउन एकता परिषद्ले १७ वटा समिति गठन गरेको छ । जसले यात्रास्थान तय गर्ने, बसोबासको व्यवस्था मिलाउने, खानपानको जोहो, औषधोपचारको व्यवस्था, पाहुना व्यवस्थापन, आर्थिक सङ्कलन जस्ता विविध काम गर्छ । सकभर स्थानीय व्यक्तिकै घरमा खाने/बस्ने र केही सिप नलाग्दामात्र पैसा खर्च गरिने भएकाले यति लामो यात्राको व्यवस्थापन खर्च एकदमै न्यून लाग्ने पक्का छ ।

भारतमा आफ्नो र परिवारको ऐस आराम छाडेर जनताबीच आउनेलाई समाजले निकै सम्मान दिँदै आएको छ । यो यात्राका डिजाइनर राजगोपाल पिभी पनि आफ्ना सारा सुख, सुविधाका विषय थाँती राखेर वर्षौंदेखि जनताका बीच आएका व्यक्ति हुन् । त्यसैले उनको नेतृत्वमा चलेका कारण पनि यो यात्राले विश्वभर चर्चामात्र हैन, सहानुभूति र सहयोगसमेत पाइरहेको छ ।

यात्रा जुन स्थान पुग्छ, त्यहाँ यात्राको



उद्देश्य बताएपछि सबै प्रभावित हुन्छन् । स्थानीय मन्त्री, दलका नेता, समाजका अगुवा, सभासद् सीमित भूगोल र समयका लागि किन नहोस्, मिलेसम्म यात्रामा सहभागी हुने गरेका छन् । यसले यात्रीको मनोबल त बढाउँछ नै साथै स्थानीयमा पनि यात्रा र यसको उद्देश्यप्रति सकारात्मक प्रभाव पर्ने गरेको छ । उनीहरूले त्यस क्रममा सकेको सहयोगसमेत गर्ने गरेका छन् । अरूलाई पनि सहयोगका लागि उत्प्रेरित गर्दै आएका छन् ।

हजारौं मानिस संलग्न हुने यो यात्रा देख्दा जति सजिलो छ यसको व्यावहारिक पक्ष उत्तिकै कठिन छ । यही कठिनतालाई ध्यानमा राखेर यात्रालाई केन्द्रित गरी एक वर्षअघिदेखि नै सम्बन्धितलाई तालिम प्रदान गरिएको थियो । राजगोपाल पिभी आफैंले दिएका यस्ता तालिमले यात्रामा सहभागी हुन उत्प्रेरणा प्रदान गरेको थियो भने अन्य व्यवस्थापनलाई पनि सहज तुल्याएको थियो ।

यो यात्रामा जल, जङ्गल र जमिनमाथि अधिकार नपाएका वा त्यसको माग गरिरहेका जनसमुदायमात्र संलग्न छैन । गरिब र केही आशामा पछि लाग्नेको मात्र जमात पनि हैन यात्रा । यसमा त धनीदेखि गरिबसम्म, गृहस्थीदेखि संन्यासीसम्म, देशीदेखि विदेशीसम्म, किशोर/किशोरीदेखि ज्येष्ठ नागरिकसम्म संलग्न छन् । अनि एकाध घण्टादेखि पूरै एक वर्षसम्म प्रतिबद्ध भएर हिँड्नेहरू छन् ।

स्वागत यो यात्राको सबैभन्दा महत्वपूर्ण पक्ष हो । यात्रा जहाँ पुग्छ, त्यहाँ स्थानीयले सकेको स्वागत गर्छन् । कसैले माला पहिऱ्याएर स्वागत गर्छन् त कसैले खादा ओढाएर । अनि कसैले अङ्गालो मारेर आतिथ्यता प्रदान गर्छन् त कसैले नमस्कार गरेर । धेरै ठाउँमा भने नाचगान र बाजागाजासहित स्वागत हुने गरेका छन् । यस्तो गतिविधिले एकातिर यात्रीलाई आफूले सही काम गरेकोमा गर्व गराउने गरेको छ भने अर्कोतर्फ भित्रैदेखि गरिएको स्वागतले उनीहरू यो यात्राले उठाएका सवालप्रति पूर्ण समर्पित छन् भन्ने देखाउँछ ।

यो यात्राले विद्यार्थीको गुणस्तरीय पढाइबारे चिन्ता गर्छ । विद्यालय शान्तिक्षेत्र हुनुपर्नेबारे वकालत गर्छ । गाउँ नै नरहे दूध कहाँ उत्पादन हुन्छ ? धान कहाँ फल्छ ? अनि के खान्छन् मान्छेले भन्दै त्यसका लागि पनि गाउँ जीवितै रहनुपर्ने आवाज उठाउँछ । त्यसैले यो आन्दोलन किसानको पनि हो । प्रदूषण र विकृति अनि गरिबी बढ्यो भने त्यसले धनीलाई पनि चैनसँग खान/बस्न दिँदैन । त्यसैले धनीहरूले मोज गर्न पनि यी र यस्ता समस्या सम्बोधन हुनैपर्छ भन्छ । यस अर्थमा यो धनीको पनि हितमा चालिएको यात्रा हो । समग्रमा यो विश्वव्यापी यात्रा सिङ्गो पृथ्वी र यहाँ बसोबास गर्ने सम्पूर्णको अधिकार र हित रक्षासँग सम्बन्धित छ । यसले विश्वव्यापी मान्यता र स्वीकार्यता पाउनुको मुख्य कारण पनि यही हो ।



## भारतीय यात्रीका अनुभव

विनोवा भावेले भारतमा अनवरतरूपमा १४ वर्ष भ्रमण गरेका थिए । उनकै कारण लाखौँ मानिसलाई जमिन मिलेको थियो । त्यसैले जय जगत्को अवधारणा उनैको हो । अहिंसामा आधारित उनकै अवधारणा पछ्याएर एकता परिषद्ले पटक पटक यस्ता मार्च आयोजना गरिसकेको छ । सन् २००७ र सन् २०१२ मा भएका यस्तैखाले मार्चहरूका कारण भारत सरकार भूमि अधिकारबाट वञ्चित भारतीयहरूका समस्या सम्बोधनका लागि धेरै कानुन ल्याउन बाध्य भएको थियो ।

नेपालमा हामी चितवन, रसुवा आदि ठाउँमा पुग्यौँ । भूमिहीनदेखि नीति निर्मातासम्म भेटेर उनीहरूका समस्याबारे कुराकानी गर्‍यौँ । हामीले भेटेका सबै नेपाली निकै सहिष्णु पायौँ । अत्यन्तै सहयोगी । केही सेवा गर्न पाए हुन्थ्यो भन्ने भावनाले ओतप्रोत पायौँ । तर प्रदूषण भने यहाँको समस्या रहेछ । जे होस्, नेपालका गरिब, भूमिहीन आदिको जागरुकता निकै राम्रो लाग्यो । अनि आफ्ना समस्या समाधानका लागि लाग्ने अठोट पनि निकै उत्साहप्रद् छ ।

**सन्तोष सिंह, यात्री**
*मध्यप्रदेश फाउन्डर टिम, एकता परिषद्*
*राष्ट्रिय कमिटी मेम्बर*

हामीले यात्राका क्रममा करिब ५० हजार विद्यार्थीसँग छलफल गर्‍यौँ । जुन शिक्षालय पुगेका छौँ त्यहाँ त्यहाँ शान्ति क्लब बनायौँ । व्यावहारिक भइएन भने पढाइलेखाइले मात्र केही गर्दैन भनेर सुझायौँ । राम्रो विद्यालय, राम्रो शिक्षालय कसरी हुन सक्छ भनेर मध्यप्रदेश र महाराष्ट्र प्रदेशका सरकारहरूसँग कुराकानी गर्‍यौँ ।

हामी १३ दिन नेपालमा रहने क्रममा पनि सकेसम्म शिक्षालाई दरिलो बनाउनेबारे छलफल गर्नेछौँ । छलफलका क्रममा नेपाल र भारत दुवै ठाउँमा कसैले पनि अहिंसावादी नेता महात्मा गान्धीबारे नकारात्मक कुरा नगर्नुबाट निकै प्रभावित भएँ । स्वागतका मालाले थाकियो । यसको मतलव हामीले थालेको यात्रा सही छ भन्ने लागेको छ ।

**कस्तूरी पटेल, एक वर्षे यात्री,**
*जवलपुर, भारत*

हामी जहाँ जहाँ गयौँ त्यहाँ त्यहाँ एउटै आवाज पायौँ- गाउँ खत्तम भयो । त्यसैले हामी खत्तम भयौँ । गाउँमा विभिन्न सहयोग गर्ने नाममा माथिबाट लादिएको छ तर उनीहरूको आवश्यकता के भनेर बुझिएको छैन । पहिले उसलाई खान दिएपछि मात्र अरू प्रगतिको कुरा आउँछ तर गाउँहरू खानै पाइरहेका छैनन् ।

भूमिहीन किसानलाई अन्न बाँड्ने गरिएको छ । यो त क्षणिक समाधान भयो । जग्गाको पुर्जा देउ न, अन्न त आफैँ उब्जाइहाल्छन् नि । अन्न वितरणले त उनीहरूलाई अल्छी बनाएको छ । हामीले यही कुरा संप्रेषण गरेका छौँ । खासमा हामीले यात्रामार्फत शान्तिको बीउ रोपेका छौँ । जुन एक दिन रुख बन्ने निश्चित छ ।

**सवनम साह, यात्री**
*अशोकनगर, मध्यप्रदेश, भारत*

यहाँ चन्द्रमामा जाने र बस्नेबारे योजना बन्छन् तर गरिबलाई अधिकार दिनेबारे सोचिन्न । गरिबले कपडा पाउन्न तर अरबौँका बारुद र हतियार खरिदबारे योजना बन्छन् । पर्यावरण खत्तम पारियो । प्रकृति दोहन गरियो । त्यसैले गरिबी पनि बढ्यो । यसतर्फ ध्यान दिइएन भने मान्छे जातिकै अस्तित्व खतरामा पर्छ केही वर्षपछि नै । यो कुरा बुझ्न ढिला भइसकेको छ भनेर यो यात्रा थालेका हौँ । जसलाई सबैतिर सकारात्मकरूपमा लिइएकाले खुसी लागेको छ ।

**सीताराम सोनबानी (बाबा), यात्री**
*भारत*

हामी भारतको राजस्थान, उडिसा र छत्तीसगढपछि नेपाल भ्रमणमा आएका छौँ । आदिवासी अर्थात वनबासीलाई दमन गर्ने नीति लिइएको पाइयो । विकासका नाममा थालिएको विनाशले धेरै मानिस चिन्तित छन् । पुनर्स्थापनाको व्यवस्थाबिना नै मानिसलाई अलपल बनाइएको छ । महाराष्ट्र भारतको उन्नत राष्ट्रमा पर्छ तर त्यहाँका किसान सबैभन्दा बढी आत्महत्या गर्नेमा पर्छन् । यो दुःखदायी अवस्था पाइयो ।

खासगरी गरिब, दलित र आदिबासीहरू गरिबीकै कारण आत्महत्या गर्न बाध्य भइरहेका छन् । कसैको भव्य भवनलाई विकास भनियो तर यही घर वरिपरिका दर्जनौँ घरका लागि त्रासको विषय बनेकोप्रति कसैको ध्यान गएको छैन । यस्तै घरमा बस्नेले धेरै प्रदूषण उत्पादन गरेका विषय पनि छायाँमा पर्दै आएको छ । यो विकासका नाममा विनाश भइरहेको प्रमाण हो । हाम्रो यात्रा यस्ता पीडितको आँसु पुछ्ने प्रयास हो ।

**कैलाश श्रीवास्तव, यात्री**
*पत्रकार, भोपाल, भारत*

# अनुभव पाकिस्तानको
## भवानी घिमिरे

जय जगत् २०२० यात्रामा नेपालबाट पाकिस्तानका लागि हामी ६ जना (गीता पण्डित, जगत देउजा, जगत बस्नेत, ल्यामबहादुर दर्जी, सोमप्रसाद भण्डारी र म) सहभागी थियौँ । अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुने अवसर पाउँदा गद्गद् थिएँ । यो मेरा लागि यसकारण पनि सौभाग्यको विषय थियो कि यसमा धेरै कुरा 'पहिलो पटक' सँग जोडिएका थिए । जस्तो- प्लेन चढेको पहिलो पटक । पाकिस्तान गएको पहिलो पटक । जय जगत् यात्रामा सहभागी भएको पहिलो पटक....।

दुबई हुँदै पाकिस्तान पुगियो । विमानस्थलमा लिन बसेका २ भाइले हामीलाई कराँचीस्थित पाइलर नामक संस्था पुऱ्याए । पाइलरका निर्देशक करामत अलीलगायतको मीठो स्वागतबाट सुरु भयो हाम्रो पाकिस्तान यात्रा । हाम्रो यात्राको उद्देश्य सिएसआरसीका जगत बस्नेत सरले बताउनुभयो । विश्वबाट गरिबी र विभेद अन्त्यका लागि थालिएको यात्रामा सहभागी हुन पाउँदा म भने हरेक पलमा गर्व महसुस गरिरहेकी थिएँ ।

२०२० को फेब्रुअरी १५ देखि २२ सम्म अर्थात एक साता हामी पाकिस्तानमा रह्यौँ । त्यस क्रममा त्यहाँका धेरै सरकारी तथा गैरसरकारी संस्था पुग्यौँ । साथै व्यक्तिहरूका घरसमेत चाहाऱ्यौँ । पाकिस्तान माइनोरिटिज प्रोग्रेसिभ अर्गनाइजेसन, ह्युमन राइट्स अर्गनाइजेसन, सिन्ध एग्रिकल्चर युनिभर्सिटी तान्डोजाम, उस्मान इन्स्टिच्युट अफ टेक्नोलजी, प्रहरी कार्यालय, राजनीतिक दलका कार्यालय आदि पुग्यौँ । जहाँ पाएको स्वागत र सम्मानले कम्ता ऊर्जा थपेन ।

पाहुनालाई सत्कार गर्ने, आफ्ना कुरा सुनाउनुअघि अरूका कुरा धैर्यपूर्वक सुन्ने, पत्रिकाहरूले समाचार उठान गर्दा सकारात्मकतवरबाट थालनी गर्ने जस्ता पक्ष निकै लोभलाग्दा रहे । करामत अलीको व्यक्तित्वले निकै प्रभाव पाऱ्यो । हामी गएका कुनै पनि ठाउँमा सत्कार र भेटघाटका लागि उनको एक कल फोन नै काफी हुँदोरहेछ । मुटुका रोगी यी ७५ वर्षे वृद्धले हामीलाई बिहान ८ बजेदेखि राति ११ बजेसम्म साथ



दिइरहे । हामीलाई सहयोग गरेकामा भन्दा पनि आफ्ना गरिबीविरुद्धका एजेन्डाप्रति उनको प्रतिबद्धताले म उनीप्रति नतमस्तक भएँ ।

पाकिस्तानको क्षेत्रफल, भौगोलिक अवस्था, सामाजिक अवस्था, जनजीविका, धनी र गरिबबीचको जीवनशैली, गाउँ र शहरबीचको संस्कार, परम्परा आदिबारे थोरै भए पनि सिक्ने अवसर मिल्यो । पाकिस्तानमा ४ तहका मानिस रहेछन्- धनाढ्य वर्ग, मध्यम वर्ग, निम्न वर्ग र अति निम्न वर्ग । यसमध्ये निम्न वर्गको जीवनचर्या निकै अप्ठेरोमा रहेछ । गरिबका बालबच्चालाई सरकारले पढाइका लागि सुविधा दिए पनि खाना र चरम गरिबीका कारण उनीहरू अझै पनि विद्यालयबाहिरै रहन बाध्य रहेछन् ।

त्यतिमात्र हैन, गाउँ र शहरको वातावरणमा सामाजिक संस्कारको गतिलै प्रभाव परेको रहेछ । गाउँका महिला अझै पनि घरबाहिर निस्कन नहुने । घुम्टी ओडेरै बस्नुपर्ने । पति वा छोराकै कमाइ खानुपर्ने । छोरीले घरबाहिरको काम गर्न नहुने । गरिबका बालबच्चा पढ्ने उमेरमा पनि अरूको दोकान, घरमा काम गर्न बस्नुपर्ने । जीविका निर्वाहका लागि धौ, धौ रहेको । यिनले भने निधार खुम्च्याउन बाध्य तुल्याए ।

नेपालमा जस्तै यहाँ पनि गरिबहरूको घर सरकारी जमिनमा छ । विकासका नाममा सरकारले गरिबहरूको उठिबास लगाउँदैछ । गरिबहरूसँग आफ्ना जवान छोरीको इज्जत जोगाउनका लागि रुनुसिवाय अर्को विकल्प रहेनछ । जसरी राष्ट्रिय भूमि अधिकार मञ्चले गरिबहरूको सङ्गठन बनाएर अधिकार प्राप्तिका लागि अहिंसात्मक आन्दोलन गर्दै आएको छ त्यसरी नै त्यहाँका समाजसेवी तथा संस्थाहरूले पनि आवाज उठाइरहेका रहेछन् । महिला तातो न तातो घाममा पनि सडकमा बसेर मागिरहेका देख्दा कुँडिएको मन सम्हाल्न निकै गाह्रो भयो । हैदरावादमा किसान महिला पुरुष दुवैलाई कृषि तालिम दिएको देख्दा भने मन केही प्रफुल्लित पनि भयो । गर्न खोज्ने र चाहनेका लागि सरकारले अवसर पनि दिएको पाइयो ।

यो भ्रमणका क्रममा हामीले हाम्रो भूमि अधिकारको आन्दोलनलाई सफलरूपमा अघि बढाउनका लागि स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्मै बलियो टिम बनाउनुपर्ने सिकाइ भएको छ । यस्तो टिममा विद्वान्, प्रोफेसर, डाक्टर, वकिल, न्यायाधीश, पत्रकार, राजनीतिक दलका व्यक्ति, सामाजिक कार्यकर्ता, ठूला व्यापारी तथा उद्योगपति, पीडित पक्षलाई समावेश गर्नुपर्ने रहेछ । यसो गर्दा जतिबेला जसको आवश्यकता पर्छ उसैलाई परिचालन गर्न सकिने हुन्छ । र, पीडित पक्षको ध्वनि फराकिलो हुने रहेछ ।

हाम्रो बिहान ६ बजेको फ्लाइट भन्ने थाहा पाएर ५ बज्नुभन्दा अघि नै खाना पकाउने मानिस आएर नास्ता बनाएर खुवाएर पठाए । हामीलाई कुनै पनि असुविधा नहोस् भन्नेतर्फ सम्पूर्ण समय ध्यान दिइरहे । पाइलरले अपनाएको यो संस्कार सधैँ अनुशरणीय रहनेछ । त्यसैगरी हैदरावादमा जमिन बाँझो नराखिएको तथा आँपको बगानमा समेत बाली लगाइएको देख्दा लोभ लाग्यो । त्यसबाहेक थप भाषाको महत्व पनि यो भ्रमणले राम्रैसँग उजागर गऱ्यो ।



जगत देउजा

# दस हजार माइलको यात्रा




राजगोपाल पीभी भारतका सुपरिचत गान्धीवादी अभियन्ता। उनी बारम्बार दोहोऱ्याउँछन् हिंसाको मूल कारक गरिबी, असमानता र विभेद हो। यसको जरोसम्म पुगेर समाधान खोज्नुपर्छ तब मात्र शान्ति पाउन सकिन्छ। यसका लागि अहिंसात्मक आन्दोलन चाहिन्छ।

एकता परिषद्को संयोजन गरिरहेका उनले भारतमा सयौँ पदयात्राको अगुवाइ गरेका छन्। सन् २०१२मा ग्वालियरदेखि दिल्लीसम्म १ लाख मानिसको १ महिने यात्रा उनकै अगुवाइमा भएको थियो। त्यतिखेर १ लाख मानिस सडकमा नै खाने र सडकमा नै सुत्ने गरी व्यवस्थापन गरिएको थियो तर गाडी सञ्चालनमा अवरोध पुऱ्याइएको थिएन। एक छाक मात्र खाएर यात्रा गरिएको थियो। पछि सरकारसँग भूमि सुधार लागु गर्नेलगायतका १० बुँदे संभौतापछि आन्दोलन समापन गरिएको थियो।

यो पदयात्रामा एउटा अनौठो घटना भयो। यात्राका क्रममा ट्रक दुर्घटनामा परी दुई पुरुष यात्रीको मृत्यु भयो। उनीहरूका पत्नी पनि पदयात्रामा थिए। दुर्घटनापछि ट्रक जलाइयो न मृतकका पत्नीहरू घर फर्किए। उनीहरू पदयात्रामा सहभागी भइरहे। उनीहरूले भने, हामी जुन उद्देश्यका लागि आएका हौँ, त्यो पुरा नभइ फर्कन्नौँ।

यिनै राजगोपालको नेतृत्वमा दस हजार माइलको यात्रा भइरहेको छ।

## दिल्लीदेखि जेनेभा

जय जगत २०२० नाम दिइएको यो यात्रा दिल्लीको राजघाटबाट शुरु भएको हो। २ अक्टोवर २०१९मा गान्धीको जन्मदिन पारेर सुरु गरिएको यो एक वर्षपछि २ अक्टोबरमै जेनेभामा समापन हुनेछ। यात्रीहरू जेनेभा भने विश्व शान्ति दिवस २५ सेप्टेम्वरमा पुग्नेछन्। ८ दिन लगातार जनसंवाद आयोजनासँगै कार्यक्रमको विधिवत् समापन हुनेछ। जेनेभास्थित संयुक्त राष्ट्रसंघको मुख्यालयअघि हुने यस संवादमा ५ हजार जना सहभागी हुनेछन्। संसद्मा समावेशिता, पर्यावरण, पुनर्निर्माण र सबैलाई सामाजिक न्याय हुनुपर्ने विषय उठाइनेछ।

नोभेम्बरको पहिलो साता यात्रा हरियाणा उत्तर प्रदेश, राजस्थान हुँदै मध्यप्रदेश पुगेको थियो। ५० जना यात्रीको यो टोलीले ३ सय ५८ दिन पैदलयात्रा गर्नेछ। ७० को दशकमा डाकुहरूले हतियार बिसाएर शान्ति ल्याएको चम्बलमा यात्री पुग्दा स्थानीयले स्वागत गरेका थिए। चम्बलका करिब ५ सय डाकुहरूलाई हतियार बिसाई अहिंसात्मक बाटोमा ल्याउने कार्यको मध्यस्थता यिनै राजगोपालले गरेका थिए।

यो पदयात्राको यात्रीमा युवा र सामुदायिक अगुवाहरू छन्। तीमध्ये १० जना अभियानकर्मी छन भने १० जना फ्रान्स, केन्या, वेल्जियम र स्विट्जरल्याण्डका नागरिक छन्। भारत पाकिस्तान सीमा क्षेत्र ओरधास्थित गान्धी आश्रममा पुगेपछि यात्रा शान्ति सम्मेलनमा परिणत हुनेछ। यो यात्रा गान्धीको १५०औं र विनोभा भावेको १२५औं जन्म दिनको सन्दर्भ पारेर आयोजन गरिएको हो।

यात्रीहरू १३ देश पाकिस्तान, इरान, अजरबैजान, जर्जिया, बुल्गेरिया, सर्बिया, उत्तरी मासेडोनिया, कोसोभो, अल्वानिया, मोन्टेनेग्रो, बोस्निया, क्रोसिया, इटाली देश पार गर्दै स्विजरल्याण्ड पुग्नेछन्। केही अप्ठेरा ठाउँमा भने यात्रा गाडीबाट हुनेछ। पाकिस्तानको यात्रामा नेपाली टिमले अगुवाई गर्नेछ। पूरै यात्रामा भाग लिन नसक्ने वा नचाहनेले ३० दिनको लागि मात्र पनि सहभागी हुन सक्नेछन्।

## शान्ति र न्यायका लागि विश्व यात्रा

जय जगत सबैलाई ब्युँझाउने यात्रा हो। आर्थिक, सामाजिक, वातावरणीय संकटलाई चाँडो सही तरिकाले सम्बोधन गर्न ढिला नगर्न सबैलाई चेतावनी यात्रा हो। जीवनको लयमा परिवर्तन गर्न आवश्यक छ। उपभोक्तावादी संस्कृतिले हामीलाई एकदिन नराम्ररी सिध्याउनेछ। यस्तै सन्देश बोकेर यात्रीहरू गाउँ-गाउँ र बस्तीमा पुगेका छन्।

यात्रीहरूले गान्धीका अलावा विनोभा भावे र अम्बेडकरलाई पनि आदर्श पात्रको रूपमा लिएका छन्। विनोभा भावेले सन् १९५०देखि १९६०को दशकमा भूमि प्राप्तिका लागि देशव्यापी यात्रा गरेका थिए। यात्रामा उनले ४२ हजार एकड जमिन दान लिए र पछि भूमिहीनलाई वितरण गरियो। जसलाई भू-दान अभियान भनिएको थियो। समाजमा व्याप्त गरिबी, असमानताको विरुद्ध अम्बेडकर जिन्दगीभर लडे।

यो यात्रामा विश्व बैंक, संयुक्त राष्ट्रसंध जस्ता विश्वव्यापी संगठनको भूमिकाबारे पनि छलफल हुनेछ। जेनेभामा अहिंसात्मक अर्थव्यवस्थाको विषयमा तिनका प्रतिनिधिसँग छलफल गर्ने कार्यक्रम छ। नाफा र आर्थिक वृद्धिका कुरा मात्र गर्ने गरिबी र न्यायबारे नबोल्ने संगठनलाई अहिंसात्मक अर्थव्यवस्थाबारे सोच्न र बोल्न आह्वान गरिनेछ। यो यात्राले स्थानीय मुद्दालाई विश्वव्यापी बनाउन मद्दत पुग्ने विश्वास लिइएको छ। हामी समुदायका सानो कुरालाई महत्वका साथ उठाउँछौं। विकास तलबाट शुरु हुनुपर्छ भन्ने कुरालाई बहसमा ल्याउँछौ। केही अघि यात्राको अन्तिम तयारी कार्यशालाका लागि नेपाल आएका राजगोपालले भनेका थिए।

शोषण, अत्याचार, दमन, गरिवी अप्रत्यक्ष हिसा हो। प्रत्यक्ष हिंसालाई हामी देख्छौ र खुलेर विरोध गर्छौं। तर अप्रत्यक्ष हिंसामा हामी कम बोल्छौं। जबसम्म अप्रत्यक्ष हिंसाविरुद्ध बोल्दैनौँ तवसम्म दुनियामा हिंसा कम हुनेछैन। अप्रत्यक्ष हिंसाको अन्त्य नगरी प्रत्यक्ष हिंसा रोकिँदैन।

शान्तिको रटानले मात्र पुग्दैन, शान्तिका लागि न्याय चाहिन्छ। यात्राले यो नाराको पनि पैरवी गर्नेछ।

यात्राको छिनछिनको अपडेट सोसियल मेडियाबाट दिइएको छ। अभियन्ता अनिश यसका लागि खप्पिस छन्। उनका अनुसार यात्रा हालै भिरिया पुगेको छ। कहिले हिन्दी, कहिले स्पेनिस र कहिले फ्रेन्च गीतहरू गुन्जिरहेका छन्। गीतले यात्रीहरूलाई उर्जा दिएको छ भने सर्वसाधारणलाई सन्देश। गाउँगाउँ बस्ती बस्तीमा उत्पीडित समुदायको अधिकारका लागि छलफल भइरहेको छ।

नोभेम्वर १६ तारेखका दिन भिरिया गाउँका पार्दी समुदायका महिला र पुरुषसँग रुखमुनी छलफल भयो। पार्दी समुदाय घुमन्ते हुन्। उनीहरूले जंगलको बास र जंगलमा आधारित जीवनकथा यी यात्रीलाई सुनाएका थिए। घुमन्तेहरूले कसरी मानिसहरूले वन विनाश निम्त्याइरहेका छन् र यसले घुमन्ते तथा जंगली जनावरको बासलाई असर गरिरहेको छ भन्ने सुनाएका थिए।

यो यात्राको अर्को उद्देश्य समुदायहरूमा रहेका सीप र ज्ञानलाई चिन्ने पनि हो। स्थानीय उपाय र सीपलाई कसरी विश्वव्यापी रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पनि यसले खोजी गर्नेछ। ✿

शनिबार, १४ मंसिर २०७६को कान्तिपुर कोसेलीमा प्रकाशित





**यो यात्रामा विश्व बैंक, संयुक्त राष्ट्रसंध जस्ता विश्वव्यापी संगठनको भूमिकाबारे पनि छलफल हुनेछ। जेनेभामा अहिंसात्मक अर्थव्यवस्थाको विषयमा तिनका प्रतिनिधिसँग छलफल गर्ने कार्यक्रम छ। नाफा र आर्थिक वृद्धिका कुरा मात्र गर्ने गरिबी र न्यायबारे नबोल्ने संगठनलाई अहिंसात्मक अर्थव्यवस्थाबारे सोच्न र बोल्न आह्वान गरिनेछ।**



गोपालकृष्ण बस्नेत

# प्रयासको प्रयास



'समाज बदल्नु छ भने सुरुवात आफैँबाट गर्नुपर्छ' भन्ने मूल मन्त्रका साथ सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकामा सुरु गरिएको थियो प्रयास परियोजना। जुलाइ २०१८ मा सम्झौता भई अक्टोबरबाट सुरु गरिएको यो परियोजनाको मुख्य उद्देश्य २०७२ को भूकम्पबाट प्रभावितलाई सहयोग पुऱ्याउनु थियो। अर्थात पुनर्लाभको चरणमा फर्कन नसकेका इन्द्रावती गाउँपालिकाका बासिन्दालाई पुनर्निर्माणका साथै जीविकोपार्जनमा सहयोग गरी पुनर्लाभको चरणमा फर्काउनु यसको मुख्य कार्यभार थियो। त्यतिमात्र हैन, आगामी दिनमा आउन सक्ने विपद्को पूर्वतयारीमा जोड दिनुलाई पनि यसले प्राथमिकतामा राखेको थियो। यसरी समग्रमा भन्दा 'पहिलेको भन्दा बलियो र दिगो पुनर्निर्माणका साथै जीविकोपार्जनमा सहयोगद्वारा विपद् उत्थानशील समुदाय निर्माण गर्नु' यो परियोजनाको लक्ष्य थियो।

सबैलाई थाहा भएकै कुरा हो कि २०७२ को भूकम्पमा सबैभन्दा बढी प्रभावित हुने जिल्ला बन्यो सिन्धुपाल्चोक। यही जिल्लाको इन्द्रावती गाउँपालिका पनि त्यसको असरबाट अछूतो रहने कुरै भएन। त्यसैले परियोजनाको प्राथमिकतामा परेको इन्द्रावतीका भूकम्पपीडितलाई पहिलेकै चरणमा फर्काउने अठोटका साथ प्रयासले प्रयास सुरु गऱ्यो। यो गाउँपालिकाको वडा नं. ४, ११ र १२ लाई मुख्य कार्यक्षेत्र बनाइ काम सुरु गरिए पनि वडा नं. १, २ र ३ मा पनि पुनर्निर्माण र जीविकोपार्जनमा सहयोग पुऱ्याइँदै आएको छ। खासगरी समुदायका अति विपन्न, एकल महिला र पुरुष, ज्येष्ठ नागरिक, अपाङ्गता भएका परिवारलाई विशेष प्राथमिकता दिनु परियोजनाको विशेषताका रूपमा रहिआएको छ।

इन्द्रावती गाउँपालिकाको भीमटार सिन्धुपाल्चोकको तराई भनेर चिनिन्छ। ऊर्वर माटो र तातो हावापानी भएकाले धान, तोरी, मकै, तील र मास राम्रो उत्पादन हुन्छ। भीमटारको मास काठमाडौँलगायत टाढा टाढासमेत खोजिने उत्पादन बनेको छ। काठमाडौँबाट नजिकको दूरीमा रहेको भीमटारमा सडक सञ्जालको पनि पहुँच छ। यदि यहाँको जग्गालाई कृषि उत्पादनमा उपयुक्त ढङ्गले प्रयोग गर्ने हो भने सिङ्गो इन्द्रावती गाउँपालिकालाई तरकारी र फलफूलमा निर्भर गराउनेमा शङ्का छैन।

तर अव्यवस्थित पुनर्निर्माण, जग्गाको अति खण्डीकरण र परनिर्भरतामा वृद्धि जस्ता कारण सबै जग्गा खेतीमा प्रयोग भएको छैन। इन्द्रावती नदीमा जथाभावी स्थापना गरिएका क्रसर व्यवसायले खेतीयोग्य जमिन विनाश गरिरहेको छ। साथै माथिल्लो भेगमा लगाइएको फलफूल र तरकारी बालीमा समेत क्रसरको धुलोले रोग कीराको प्रकोप बढाएको छ। त्यसैले सम्भावना हुँदाहुँदै पनि परनिर्भरताको एउटा नमुना बनेको छ- वडा नम्बर १२ को भीमटार।

२०७२ सालको भूकम्पले सरस्वती खोला सिँचाइ योजना पनि बाँकी राखेन। त्यसमा क्षति पुगेपछि स्थानीय समुदायले उक्त कुलो सफा गर्ने हिम्मत गरेनन्। बरु २०० रोपनीभन्दा बढी जमिन बाँझै राख्न तयार भए। घरबास नै नभएको र त्यसैलाई प्राथमिकतामा राख्नुपर्ने बाध्यताका कारण यो सिँचाइमा ध्यान जान नसक्नु स्वाभाविकै पनि थियो।

यसैबीच २०७५ मङ्सिरदेखि पाङ्गलटार समुदायमा प्रयास परियोजनाको सहयोगमा छलफल कक्षा सञ्चालन भयो। जहाँ आफ्नो गाउँठाउँका समस्याबारे छलफल हुन्थ्यो भने समाधानको उपाय पनि निकालिन्थ्यो। यसै क्रममा यो कुलोमा पुगेको क्षति र

त्यसबाट परेको प्रभावबारे पनि लामै छलफल भयो। 'जहाँ इच्छा, त्यहाँ उपाय' भनेझैँ समाधान पनि निकाले छलफल कक्षाकै सहभागीले। आखिर वडाको अगुवाइमा समुदायका सदस्य परिचालन भए। अनि करिब २ किलोमिटर कुलो सफाइ गरे। त्यसपछि त के चाहियो र ? 'आर्थिक वर्ष २०७५/७६ मा मात्र ५५ मुरीभन्दा बढी तोरी भित्र्याउन सफल भए स्थानीय किसान- खुसी हुँदै सुनाए स्थानीय बासिन्दा तथा वडा सदस्य कृष्णबहादुर दनुवारले।

यो त एउटा उदाहरणमात्र हो प्रयासले गरेको प्रयासको। समुदायका पनि अति जोखिममा रहेका परिवार छनोट गर्ने, उनीहरूलाई पुनर्निर्माणलगायत इच्छाअनुसारको जीविकोपार्जनमा सहयोग गर्नु यो परियोजनाको अर्को विशेषता हो। समुदायलाई परियोजनाले परनिर्भर बनाए भन्ने गुनासो धेरैतिर सुनिने गरेको छ। तर प्रयासले भने परनिर्भर समुदायलाई आत्मनिर्भर बनाएको दृष्टान्त लाभग्राहीको अवस्थाले बोल्छ। यसकै ज्वलन्त उदाहारण हुन् वडा नं. ११ की कृष्णकुमारी दङ्गालको परिवार। कृष्णकुमारी भूकम्पपश्चात के गर्ने के नगर्ने भन्ने रनभुल्लमा थिइन्। जीवनप्रति नै निराशा उत्पन्न भएका बेला कृषि र उद्यममा ध्यान जाओस् पनि कसरी ? उनी पनि यसबाट अपवाद थिइनन्।

जब उनको र प्रयासको भेट भयो, कृष्णकुमारीमा उत्साह जाग्यो- जे हुनु भइहाल्यो, आखिर चिन्ता गरेर बस्नुभन्दा केही गर्नु जाति। अनि परियोजनाले नै दिएको तालिममा बसिन्। उन्नततवरले तरकारी खेती गर्ने सिप सिकिन्। सिपमात्र हैन, तरकारीको बीउ र टनेलका लागि आवश्यक सामग्री पनि परियोजनाबाटै पाइन्।

गर्नैपरेपछि किन थोरैतिनो गर्ने ? परियोजनाले उपलब्ध गराएको तरकारी र काँक्राको बीउमा आफूले पनि केही लगानी थपिन्। अनि काँक्रो, फर्सी, तीतेकरेलालगायत तरकारी लगाइन्। फल्न पनि यसरी फल्यो कि एकैपटकमा उनले ८० हजार रुपियाँभन्दा बढीको त काँक्रै बेचिन्। कृषि नै प्रमुख पेशा भएकी कृष्णकुमारी मात्र हैन, माछा मार्ने मुख्य पेशा भएकी चमेली माझीलाई समेत तरकारी



व्यवासायले लोभ्यायो परियोजनाको तालिम र सहयोगपछि। भूकम्पमा श्रीमान् गुमाएकी उनले पहिलोपटकमै गोलभेँडामात्र ४० हजार रुपियाँभन्दा बढीको बिक्री गरिन्।

समुदायमा अरूको मुख ताक्ने प्रवृत्ति हटाउन पनि सघाएको छ परियोजनाले। वर्षाको समयमा आउने भेल बाढीले असर गर्थ्यो सधैँ। आइन्दा यस्तो असर नहोस् भन्ने उद्देश्यले अधिकारीटार समुदायका सदस्य ३५० मिटरको नाला व्यवस्थापन गरे। जसबाट करिब २५ घर सुरक्षित भएका छन्। वर्षाको भेलले क्षति पुऱ्याएको सिस्ने खोला सिँचाइ योजनासमेत सरसफाइ गरेका छन्। यसपछि नियमित सिँचाइको व्यवस्था भएकाले तरकारी उत्पादनतर्फ गाउँका किसान आकर्षित हुन पुगेका छन्। 'अधिकारीटारका बासिन्दा र प्रयासको सहयोगमा धेरै काम भएका छन् गाउँमा। आगामी दिनमा पनि आफैँ जुटेर यस्ता सामाजिक काम गर्नुपर्छ भन्ने सिकाइ भएको छ'- अधिकारीटारका पशुपति न्यौपाने बताउँछन्।

प्रयासले परियोजनाका योजनाबद्ध क्रियाकलापलाई मात्र प्राथमिकता दिएको छैन। समुदाय परिवर्तन गर्नका लागि पनि अभियानका क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ। आफ्नो घर/आँगन सफा गरे समुदाय नै सफा रहन्छ भन्ने वास्तविकतालाई नाराकै रूपमा अघि सारिएको छ। साथै 'एक घर : एक झटपट झोला', भाँडा सुकाउने चाङ निर्माणलगायतका अभियानलाई निरन्तरता दिँदै आएको छ। घरबाट निस्कने फोहोर पानीलाई करेसाबारीमा प्रयोग गरी तरकारी उत्पादन गर्ने तरिका प्रबर्द्धन गरिएको छ। त्यतिमात्र हैन, समुदायमा विकृतिका रूपमा झाङ्गिएको 'हुकिङ गरी बिजुली बाल्ने' प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्यले अभियान नै थालिएको थियो। उक्त अभियानपछि ३० भन्दा बढी परिवारले व्यवहारमा परिवर्तन ल्याएका छन्।

समुदायमात्र हैन, सरकारी कर्मचारीसमेत पटकपटक सोध्ने गर्छन्- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरेको प्रयास परियोजनाको मुख्य कामचाहिँ के हो ? यतिबेला माथिका दृष्टान्त आफैँ उत्तर बनेर उपस्थित हुने गरेका छन्- प्रयास त्यस्तो अभियान हो जसले विशुद्ध सामाजिक काम गर्छ।

समुदायमा अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण घुम्ती सेवा सञ्चालन गर्न सघायो प्रयासले। ५ वर्षदेखि मोतिविन्दुका कारण आँखा नदेख्ने भएका दम्पतीको शल्यक्रिया गराउने वातावरण मिलाएर आँखाको ज्योति फर्काउनेसम्मको काम गरेको छ प्रयासले। यस्ता धेरै प्रयास छन् प्रयासका जसलाई सानोतिनो लेखमा पूरै उतार्न सम्भव छैन।

भूकम्पपछि निरन्तरता दिन नसकेको तरकारी व्यवसाय, भत्किएको घर पुनर्निर्माण गर्न नसकेका एकल महिला, ज्येष्ठ नागरिकको घर पुनर्निर्माण, समुदाय र परिवारप्रतिको उत्तरदायित्व, समुदायले बिर्सिएका एकताको भावना ब्युँताउने जस्ता प्रयास जारी राखेको छ प्रयासले। त्यसैले प्रयास एक पृथक र नवीन सोचले युक्त परियोजना सावित भएको छ। जसलाई पुष्टि गर्ने दर्जनौँ आधार भेटिन्छन् कार्यक्षेत्र घुम्दै जाँदा।

# भूमिसम्बन्धी मूल समस्या हल गर्ने गरी काम भइरहेको छ



## पद्माकुमारी अर्याल

**मन्त्री- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

पद्माकुमारी अर्याल प्रभावशाली मन्त्री मानिन्छिन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी सम्हालेकी अर्याल गुठी विधेयक ल्याएपछि एकाएक चर्चामा आएकी थिइन्। भूमि नेपालको प्रत्येक घर/परिवारसँग जोडिएको विषय हो। त्यसैले प्रत्येक घर भूमिसँग जोडिएका कुनै न कुनै समस्या सामना गरिरहेका छन्। भूमिसँग सम्बन्धित यिनै समस्या समाधानका लागि उनले के गरिन्? के गर्दैछिन् जस्ता विषयमा केन्द्रित रही रघुनाथ लामिछानेसँग भएको कुराकानी :

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी सम्हालेको १६ महिनाको अवधिलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

करिब डेढ वर्षको अवधि खासै लामो हैन। मैले यो समयलाई सदुपयोग गर्दै धेरै काम अघि बढाएको छु।

भूमि व्यवस्थापनको इतिहासमा पहिलोपटक २०७५ चैतमा राष्ट्रिय भूमि नीति कार्यान्वयनमा आइसकेको छ। भूमिको न्यायिक वितरण, नागरिकको समतामूलक पहुँच, खाद्य सुरक्षा, भूमिमा असल भूमि शासन जस्ता विषय नीतिमा समेटिएको छ। यही भूमि नीतिको जगमा आवश्यक कानुन तर्जुमा गर्ने कार्य भइरहेको छ।

दिगो विकास, कृषि भूमिको संरक्षण, योजनाबद्ध आवास, वातावरण सुरक्षा आदि क्षेत्रमा महत्वपूर्ण मानीएको भू-उपयोग ऐन तर्जुमा भई कार्यान्वयनको चरणमा छ। भूमिसम्बन्धी ऐनमा गरिएको आठौँ संशोधनले विद्यमान भूमिसम्बन्धी समस्या राम्रोसँग पहिल्याइ व्यावहारिक र वैज्ञानिकरूपमा हल खोज्ने प्रयास गरेको छ।

**यसबीचमा भएका काम यत्ति हो त ?**

हैन, यसबीचमा सरकारी जग्गा संरक्षणका लागि छानबिन गर्न सरकारी, सार्वजनिक, गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग गठन भएको छ। जसले ६ महिनाको प्रतिवेदन बुझाइ कार्यान्वयनका क्रममा छ। मालपोत कार्यालयहरू नमुना बनाउने अभियान थालिएको छ। जग्गा नाप्नका लागि लाइडर प्रविधि सुरु गरिएको छ। पहिलोपटक आफ्नै स्रोत र जनशक्तिबाट सगरमाथाको उचाइ मापन गरिएको छ। यस्ता धेरै काम सुरु भएका छन् र केहीको भने नतिजा नै आउन थालिसकेको छ।

**भूमिसम्बन्धी ऐनको पछिल्लो (आठौँ) संशोधनमा चाहिँ खास के छ त ?**

भूमिसम्बन्धी ऐनको आठौँ संशोधनको केन्द्रीय विषयवस्तु भनेको भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या समाधान हो। यसका लागि विगतमा गठन भएका सुकुमबासी आयोगको कार्यादेश र प्रतिवेदनसमेतको समीक्षा गरी नियमावली बनाउनेतर्फ मन्त्रालयले कार्य अघि बढाएको छ। यो ऐनको कार्यान्वयनपछि पुस्तौँदेखि उपयोग गरिआएको जमिन दर्ता, आवासविहीनलाई आवासका लागि जग्गा, भूमिहीनलाई कृषियोग्य भूमि उपलब्ध गराउने जस्ता काम हुनेछन् जुन कुरा यसमा प्रस्ट उल्लेख छ।

त्यसैगरी प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणका दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा, सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा

संरक्षित क्षेत्रको जग्गा, हाल रुख/बिरुवाले ढाकेको वनको जग्गा र सडक सीमाभित्रका जग्गा भने दिइने छैन। त्यहाँ रहेकालाई अन्यत्र स्थानान्तरण गरिने व्यवस्था छ।

**समस्या समाधान गर्ने कुरा त यसअघिका सरकारले पनि गरेका हुन्। यसपटकचाहिँ पक्कै समाधान हुन्छ नै भन्ने केही आधार छ ?**

अहिलेको परिवेश फरक छ। भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने विषय प्रस्टरूपमा कानुनमा नै समेटिएको छ। संसद्ले पारित गरेको ऐन कार्यान्वयन नगर्ने भन्ने हुँदैन। यी समस्या हल नहुँदा जनताले धेरै दुःख पाए। जग्गा दर्ता नगर्दा जग्गा धनी र सरकार दुवैलाई फाइदा भएन भनेर नै भूमि आयोग बनाउन गृहकार्य भइरहेको छ।

अब छिट्टै आयोग बन्छ। आयोग, स्थानीय सरकार र प्रदेश सरकारसमेतको सहकार्यमा भूमिसम्बन्धी सबै समस्या समाधान गर्नेगरी कार्य भइरहेको छ। यो समस्या समाधान गर्न सरकारबाहेक यससम्बन्धी अभियानमा लागेका सङ्घ/संगठनको सक्रिय भूमिका पनि जरुरी छ।

**गुठी विधेयक निकै विवादास्पद भयो। अहिले के गरिँदैछ यसबारे ?**

गुठी विधेयक राम्रो थियो तर सबैलाई बुझाउन सकिएन। अब यसलाई नयाँ ढङ्गले ल्याउने तयारीमा छौँ। यसका लागि सरोकारवालाहरूसँग कुराकानी जारी छ। गुठी ऐन तर्जुमाको कार्य फेरि सुरु भइसकेको छ। संविधानले दिएको अधिकार र निर्देशनभित्र रही ऐन तर्जुमा हुन्छ। गुठीको समस्या अब पनि पालेर राख्नुहुँदैन। गुठीको मर्म र भावना अनि किसानको मेहनत दुवैलाई सम्बोधन गर्नेगरी ऐन आउँछ।

**भूमिसँग जोडिएका समस्या त स्थानीय सरकारलाई जिम्मा दिए चाँडो सल्टिएला नि ? स्थानीय सरकारसँग कसरी समन्वय भइरहेको छ मन्त्रालयको ?**

अहिले ल्याइएको भूमि नीतिले स्थानीय समस्या स्थानीय सरकारकै अगुवाइमा सल्ट्याउने नीति अङ्गीकार गरेको छ। भूमिहीन, अव्यवस्थित बसोवासीको रेकर्ड लिने, उनिहरूलाई उपलब्ध गराउने भूमिको विवरण तयार गर्ने कार्य स्थानीय सरकारले गर्ने र जग्गा धनी पुर्जा पनि स्थानीय सरकारले नै वितरण गर्नेगरी कार्य भइरहेको छ।

**अबका तपाईँका प्राथमिकता के के हुनेछन् आगामी दिनमा ?**

तर्जुमा भएका नयाँ ऐनको कार्यान्वयन नै मेरो प्राथमिकता हो। पुस्तौँदेखि भूमिहीन जनतालाई भूमिको अधिकार दिलाउने तर्जुमाको काम पनि भइरहेको छ। यसलाई सम्पन्न गर्नु छ।

जनतालाई प्रविधिमैत्री सेवा सुलभतवरले उपलब्ध गराउनु पनि उत्तिकै आवश्यक छ। हिनामिना भएका सरकारी जग्गा व्यवस्थित तुल्याउनु, सुकुमबासी र अव्यवस्थित बसोबासीका समस्या समाधान गर्नु, बिर्ता, उखडा, बालबिटौरी जस्ता प्रथागत समस्या कानुनीतवरले समाधानमा लैजानुलाई पनि मैले प्राथमिकतामा राखेकी छु।

यी कामबाहेक निजी गुठी निजी गुठियारकै जिम्मामा छाडेर बाँकी गुठीको व्यवस्थापन गर्नु, मिचाहालाई पन्छाइ जोताहालाई न्याय दिलाउनु मेरो मन्त्रालयको आगामी प्राथमिकता हो। भूमिसम्बन्धी ऐनको आठौँ संशोधन र भू-उपयोग ऐनको



सरकारको अभियान सफल बनाएरमात्र विश्राम लिने हो।

भूमि व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्थाहरू छरिएर रहेका, एकापसमा बाझिनेखालका, कहीँ दोहोरो व्यवस्था भएका र कुनै हुनुपर्ने व्यवस्था पनि नभएका विरोधाभाषी, द्विविधायुक्तसमेत छन्। यो समस्यालाई हल गर्ने गरी एकीकृत भूमि ऐन कार्यान्वयन सही ढङ्गले गर्न सकियो भने त्यसले हाम्रो समाजमा र खासगरी आधारभूत जनताको तहमा देखिनेखालकै परिवर्तन आउनेछ। त्यसैले पनि म यी काम गर्न डटेर लागिपरेकी छु।



कुमार थापा

# संयुक्त लालपुर्जा किसान महिलाको सम्मान



महिलाले भूमिको अधिकार खोज्नु केवल महिला स्वयम्‌का लागिमात्र हैन, परिवार, समाज र राष्ट्रको चौतर्फी विकासका लागि पनि हो । सदियौँदेखि रहिआएको समाजको शक्ति संरचनामा फेरबदल ल्याउन, महिला-पुरुषबीचको असमानता हटाउन पनि जमिनमा महिलाको स्वामित्व अनिवार्य छ । लालपुर्जा हेर्दा कागज हो तर यसमा शक्ति लुकेको हुन्छ । जसले महिलालाई भित्रैबाट सशक्त बनाउन सहयोग पुऱ्याउँछ । मान, सम्मान र हैसियत कायम गराउँछ । यो राष्ट्रको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलिरहेका गुमनाम किसान महिलाहरूलाई पहिचान दिलाउँछ । खेतीपातीको काममा महिलाको योगदान धेरै भए पनि भूस्वामित्व भने न्यून छ । महिलाले जमिनमा श्रममात्र गर्दैनन् । उत्पादन जोगाउँछन् र बढाउँछन् पनि । त्यसैले भूमि अधिकार प्राप्तिका लागि संयुक्त पुर्जा निर्माण प्रक्रियालाई अभियानका रूपमा अघि बढाइयो ।

## आन्दोलनको सुरूवात

भूमि अधिकारबाट वञ्चित किसानहरूले गरेको आन्दोलन तीन दशक पुग्न लाग्यो । यो अवधिमा भूमि अधिकार प्राप्तिका लागि विभिन्न आन्दोलन भए । जसबाट धेरैले अधिकार प्राप्त पनि गरे । तर अधिकार प्राप्त गर्ने परिवारको एक सदस्य भने जहिले पनि अधिकारबाट वञ्चित हुनुपऱ्यो । जसले बढी जमिनको स्याहार र संरक्षण गर्छ तिनै महिला किसान नै अधिकारबाट वञ्चित छन् ।

२०६२ माघमा भूमिमा महिला अधिकारका लागि भएको पहिलो राष्ट्रिय सम्मेलनपश्चात जिल्ला तथा राष्ट्रिय तहमा आन्दोलनले गति लियो । प्रक्रियागतरूपमा भने २०६४ मा सिन्धुपाल्चोक राम्चेका गुठीपीडित किसानहरूले आफ्नो जग्गा रैकर गराउँदा श्रीमान् श्रीमतीको नाममा संयुक्त गराएका थिए । यसरी बनाउने संयुक्त पुर्जामा नीतिगत व्यवस्था र दस्तुर नलिन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा ४१ गुठीपीडित किसानहरूले निवेदन दिए । त्यसपछि भूमिमा महिला अधिकार र संयुक्त पुर्जाको सवालमा समूह र सङ्गठनमा छलफल हुन थाल्यो । गाउँ, जिल्ला र राष्ट्रिय तहमा एउटा सवालका रूपमा भूमिमा महिला अधिकार र संयुक्त पुर्जालाई अघि बढाइयो ।

फलस्वरूप २०६६ साल फागुन २४ गतेबाट ११ दिने पदयात्रा भयो । दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्त नगरबाट एकैसाथ यात्राले भूमिमा महिला अधिकारको मुद्दालाई आम बहसमा ल्याएको थियो । त्यसलगत्तै २०६७ को चैतमा पचास जिल्लाका हजारभन्दा बढी महिलाले काठमाडौँको टुँडिखेलमा बसेर प्रत्येक राजनीतिक दलको कार्यालयमा धर्ना दिए । जुन आन्दोलनको एउटा माग संयुक्त पुर्जासम्बन्धी नीतिगत व्यवस्था हुनुपर्ने थियो ।

## नीति परिवर्तन र कार्यान्वयन

आर्थिक वर्ष २०६८/०६९ को नीति तथा कार्यक्रममार्फत श्रीमान्‌को नाममा रहेको घर र जग्गामा श्रीमतीको नाम समावेश गर्दा एक सय रुपियाँमात्र लाग्ने व्यवस्था गरेको थियो । जुन व्यवस्थाले महिला किसानको मुहारमा खुसी थपेको थियो । सरकारले नीति बनाए पनि त्यसलाई कार्यान्वयन गर्न भने त्यति सहज थिएन । पहिलो त त्यस परिवारको पुरुष सदस्यलाई बुझाउन कठिन भयो । अभियानका अगुवा र अभियानकर्ताबाट संयुक्त पुर्जा बनाउन सुरु गरियो । कार्यान्वयनमा सरलता ल्याउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयले संयुक्त जग्गा

धनी प्रमाण पुर्जा जारी गर्नेसम्बन्धी प्रक्रिया (विधि), २०७४ जारी गरेको थियो ।

आर्थिक वर्ष २०७५/०७६ को आर्थिक विधेयकमा सातवटा प्रदेशमध्ये ६ वटा प्रदेशले संयुक्त पुर्जा निर्माणसम्बन्धी प्रक्रिया २०७४ अनुसार नै १ सय रुपियाँमा संयुक्त पुर्जा बनाउन सकिने व्यवस्था गरेको थियो । तर प्रदेश नं. ३ ले भने १ सय रुपियाँबाट ५ सय कायम गरेको थियो । जुन विषयले संयुक्त निर्माण अभियानमा चुनौती थपेको थियो । प्रदेश नं. ३ मा निरन्तर छलफल, संवाद र डेलिगेसनमार्फत पहिलाको अनुसार नै कायम गराउन सफल हुन सकियो । र, संयुक्त पुर्जा अभियानलाई निरन्तरता दिइयो ।

नीति परिवर्तनले महिलाको नाममा स्वामित्व कायम गराउन एउटा बाटो खुलेको थियो । तर त्यो नीतिले महिलाको नाममा जमिन दिन बाध्य भने पारेको थिएन । गाउँ गाउँमा गरिएको सचेतीकरण शिविरमा सकेसम्म श्रीमान् र श्रीमती दुवैलाई, यदि दुवै सम्भव भएन भने बढीजसो पुरुषको सहभागितामा संयुक्त पुर्जाको विषयमा सचेतीकरण शिविर भए ।

संयुक्त पुर्जा निर्माणका लागि राज्यले नीति ल्याए पनि कार्यान्वयनको प्रक्रिया भने फितलो थियो । त्यसैले यसलाई अभियानका रूपमा अगाडि लैजान स्थानीय जनप्रतिनिधि र गाउँका अगुवालाई स्वपरिचालन गर्दा अभियानले गति लियो । पुर्जा सङ्कलन गर्ने काम पनि त्यति सजिलो थिएन । समुदायमा सबैले विश्वास गर्ने अगुवामार्फत पुर्जा सङ्कलन भयो । जसले कुलो निर्माण गर्दा ननिकालेका पुर्जासमेत अगुवाले सङ्कलन गर्न सफल भए ।

मालपोतसँगको समन्वय

पुर्जा सङ्कलनपश्चात सबै परिवार (जोडी) मालपोतमा गएर संयुक्त पुर्जा बनाउन सम्भव थिएन । मालपोतसँग यस विषयमा छलफल भए । केही कर्मचारीले कुरा सुनेनन् । त्यसबखत अलि कडा भएर प्रस्तुत पनि हुनुपर्‍यो । तर मालपोत अधिकृतलगायत अन्य सदस्य सकारात्मक थिए । त्यसैले निरन्तरको समन्वयमा मालपोत टोली फिल्डमै लगी काजगातमा सनाखत भयो । यसले मालपोत कार्यालय जानुपर्ने झन्झट त कम भयो नै, यसबाट किसानको ठूलो धनराशि पनि खर्च हुनबाट जोगिएको छ ।

मालपोत कार्यालयले फिल्डमा मात्र सनाखत गर्ने काम गरेन । संयुक्त पुर्जाबारे दम्पतीलाई बुझाउने र हौसला प्रदान गर्ने कामहरू भए । किसानले मालपोतका कर्मचारीसँग सम्बन्ध गाँसे । जसबाट मालपोत कार्यालय जाँदा उही कर्मचारी हुँदा अन्यको तुलनामा सहजरूपमा सेवा प्राप्त गर्ने वातावरणसमेत मिल्न पुग्यो ।

राज्यले बनाएको नीति कार्यान्वयन गर्नु सम्बन्धित सरकारी कार्यालयको पनि दायित्व हो । मालपोत कार्यालयले यस अभियानमा आफ्नो दायित्व पूरा गरेको छ । महिलाको मुहारमा हाँसो ल्याउन मालपोत कार्यालयबाट जुन सहयोग, समन्वय र सहकार्य भयो त्यो महत्वपूर्ण थियो ।

**घरको सदस्य हुन जमिन पनि त्यत्तिकै आवश्यक छ । जसको घरमा महिला सम्मानित हुन्छन् त्यस परिवारलाई समाजले हेर्ने दृष्टिकोण फरक हुन्छ । बोलीले जति नै चिप्ला कुरा गरे पनि अधिकार दिने र लिने कुरा कठिन छ । जसले जमिन र बालीबिरुवालाई बच्चाझैँ स्याहार गर्छ तर उसैको अधिकार हुँदैन ।**

अधिकार प्राप्तिपछिको खुसी

जमिनको अधिकार पाउने महिलामात्र हैन, परिवार पनि खुसी छन् । सधैँ एउटै घरमा बस्ने । घर र खेतीपातीको सम्पूर्ण काम गर्ने घरको सदस्य नै अधिकार प्राप्तिबाट वञ्चित भएको महसुस यो अभियानले गरायो । संयुक्त पुर्जा निर्माण शिविरमा हेलम्बु गाउँपालिका-४, महाङ्कालका दुर्गाप्रसाद लामिछाने पनि पुगे । उनी आफैँ पनि किसान हुन् । श्रीमती र उनी सँगै काम गर्छन् । यस वर्षमात्र २ लाख बराबरको तरकारी बेचे । त्यो तरकारी उत्पादनमा उनीभन्दा बढी श्रम श्रीमतीको छ । त्यो अनुभूति दुर्गाले गरे । संयुक्त पुर्जा निर्माण टोली आउँदा श्रीमती सविता लामिछानेको नाम पनि समावेश गरिदिए । त्यो जग्गा अब सविताको पनि भयो ।

घरको सदस्य हुन जमिन पनि त्यत्तिकै आवश्यक छ । जसको घरमा महिला सम्मानित हुन्छन् त्यस परिवारलाई समाजले हेर्ने दृष्टिकोण फरक हुन्छ । बोलीले जति नै चिप्ला कुरा गरे पनि अधिकार दिने र लिने कुरा कठिन छ । जसले जमिन र बालीबिरुवालाई बच्चाझैँ स्याहार गर्छ तर उसैको अधिकार हुँदैन । यही अवस्थामा फेरबदल आएपछि यतिखेर सविता लामिछाने निकै खुसी छन् । श्रम र संरक्षण गरेको जमिन आफ्नो हुँदा ।

अहिले पनि खेतीपातीको काममा दिनरात खट्ने महिला किसानलाई आवश्यक सामग्री खरिद गर्न श्रीमान्‌को भर पर्नुपर्छ । कतिले सहजरूपमा पाउँछन् । कतिले श्रीमान्‌को हप्की खाएरमात्र जेनतेन खर्च जुटाउँछन् । यस्ता पीडा भोग्ने धेरै महिला छन् । संयुक्त पुर्जा निर्माणपश्चात यस्ता महिलाहरूमा आँट थपिएको छ । जमिन आफ्नो भयो । आफ्नो जमिनको उत्पादन बेचेर घर व्यवहार चलाउन सक्छन् । छोराछोरीलाई पढाउन सक्छन् । व्यापार र व्यवसाय गर्न पनि यसले बाटो खुलेको छ । बैङ्किङ कारोबारमा पनि महिलाको सहभागिता देखिएको छ । सविता लामिछानेले संयुक्त पुर्जा निर्माणपश्चात यी विषयमा फरक अनुभव बटुलेकी छिन् ।

एकल पुर्जा हुँदा परिवारमा खासै छलफल हुँदैन । जब संयुक्त पुर्जा बन्यो । छलफल हुन थाल्यो । हेलम्बु गाउँपालिका-७, इचोकको सानुकान्छी तामाङको पनि यस्तै अनुभव छ । जब संयुक्त पुर्जा बन्यो । जमिन बिक्री हुँदा र खरिद गर्दा परिवारमा छलफल हुनेमा उनी ढुक्क



छिन् । विवाहपश्चात श्रीमान्को नामबाट नागरिकता बन्यो । जमिन भने सबै उनका श्रीमान्को नाममा थियो । गाउँमा टोली आउँदा उनीहरूले पनि संयुक्त पुर्जा बनाएका छन् । सानुकान्छीको पुर्जामा गाँसिएको नाम र टाँसिएको फोटोको ठूलो अर्थ छ । अब उनको परिवारमा खरिद बिक्रीका लागि पनि भूमिका बढ्न थालेको छ । छलफल हुन थालेको छ ।

इचोकका खम्बासिं तामाङको अनुभवमा घर महिलाको हो । भाँडाकुँडा भए पनि ती महिलाले कुरेर बसेका हुन्छन् । अर्थात जुन घरमा महिला हुन्छन् त्यो घर कहिल्यै बन्द हुँदैन । कुनै पनि पुरुषले घरको स्याहारसम्भार गरेर बसेको छैन । जग्गाको डिलमा बसेर राम्रो हुँदा खुसी हुने र बिग्रँदा निराश हुने पनि तिनै महिला हुन् । सबैभन्दा बढी घर र खेतीमा सहभागी हुने महिला नै भएकाले खम्बासिंले संयुक्त पुर्जा बनाउन आफैंबाट सुरु गरे, त्यो गाउँमा । उनले संयुक्त पुर्जा बनाइ छलफल चलाएपश्चात संयुक्त पुर्जा निर्माण अभियानको माहोल सिर्जना भएको थियो ।

घरमा होस् या सामाजिक काम, सबै पुरुषकै नियन्त्रणमा । यस्तै छ हेलम्बु गाउँपालिका-२ किउलकी कान्छी ओमुको अनुभव पनि । उनी भन्छिन्- गाउँमा निर्माण समिति बन्छ तर कोषाध्यक्ष पदमा मात्र महिलालाई राख्ने हो । कारोबार सबै पुरुषकै हुन्छ । घरमा पनि पैसा राख्नमात्र दिने हो । खर्च पुरुषकै हुन्छ । हामीले उत्पादनमात्र गर्ने हो । अन्न पुरुषले नै बेच्छन् । हामी पुरुषसरह बराबरी काम गर्छौं तर पुरुषले जस्तो हरेक कामको नेतृत्व गर्न हामीले पाएका छैनौं ।

कान्छी ओमुलाई खेतीको कामबाट कहिल्यैं फुर्सद मिल्दैन । घरमा सघाउने कोही छैनन् । ज्यालामा काम गर्ने पनि गाउँमा पाइँदैनन् । तर उनले उत्पादन र संरक्षण गरेको जमिनको अधिकार भने उनीसँग जोडिएको थिएन । कान्छी ओमु भन्छिन्- छोराछोरीको नागरिकता श्रीमान्को नामबाट बनेको छ । धारा बनाउँदा श्रीमान्को नाम हुन्छ । गाउँमा सामाजिक काम पर्दा उनी सहभागी हुँदा पनि श्रीमान्कै नाम लेख्छन् । अनि जमिन पनि श्रीमान्कै छ । त्यसैले सबैमा श्रीमान्लाई मात्र खोज्ने गर्छन् ।

यतिखेर भने उनी हौसिएकी छिन् । खुसीले उनको अनुहार खुलेको छ । किनकि खेती गर्दै आएको जमिनसँग उनको अधिकार जोडिएको छ । शेर्माथाङमा महिला किसानको विषयमा दुईपटक छलफल भयो । त्यो छलफलमा सम्भव भएसम्म 'एक घर एक संयुक्त पुर्जा' बनाउने निर्णय भयो । कान्छी ओमुले छलफलमा सहभागी भए पनि संयुक्त पुर्जा बनाउँछु भन्ने निर्णय गर्न सकिनन् । श्रीमान्लाई सोध्छु भनेर घर फर्किन् ।

मालपोत अधिकृतसहितको टोली गाउँमा पुग्दा सबैभन्दा अघि उनी आएर बसेकी थिइन् । संयुक्त पुर्जा लिखत तयार गर्दा उनले मालपोत अधिकृतलाई प्रश्न गरिन्- 'बैनी एउटा पुर्जाको मात्र संयुक्त बन्ने हो ? दुईवटा पुर्जा हुनेको के हुन्छ ?' दुवैको संयुक्त बन्छ भन्ने कुरा आउनासाथ उनी एकछिन भन्दै घरतिर दौडिइन् । अर्को पुर्जा हातमा ल्याउँदै भनिन्- हाम्रो खेतको पुर्जा हो यो । यसमा पनि संयुक्त बनाउँछौं ।

लाग्थ्यो, उनको जिन्दगीको पहिलो खुसी नै त्यही थियो । उनको खुसी, उनको हाँसो र उनको जीतको आभासले उनले जमिनको स्वामित्वमात्र हैन, उनको इज्जत पनि थपिएको छ । आत्मसम्मान बढेको छ । कान्छी ओमु भन्छिन्- जमिनको अधिकार महिलाले पाउँछन् भन्ने सोचेको पनि थिइन । अब यो जमिन हामी दुवैको भयो । अब एकतर्फबाट बेच्छु भन्दा पाइँदैन । म पनि सुरक्षित भएँ अनि जमिन पनि ।

कान्छी ओमुमात्र हैन, कामी लामा पनि खुसी छन् । उनी भन्छन्- पहिला त किन बनाउनुपऱ्यो, झन्झटिलो हुन्छ भन्ने लागेको थियो । संयुक्त पुर्जा बनाउने भनेपछि परिवार खुसी भएको देखेर खेतको पुर्जामा पनि संयुक्त बनाउने निर्णय गरेका थियौं । मेरोमात्र थियो अब दुवैको भयो ।

### तथ्याङ्क

८४ प्रतिशत महिला खेतीपातीको काम गर्छन् । ६० प्रतिशत कृषि उत्पादनमा महिला किसानको योगदान छ । किसान महिलाहरूको सम्पत्तिको प्रमुख स्रोत जग्गा नै हो । तर महिलाको भूमिमा कानुनी स्वामित्व भने १९.७१ प्रतिशतमात्र छ । यसमध्ये महिला किसान कति हुन् भन्ने स्पष्ट छैन ।

२०६८ को जनगणनाअनुसार जनसङ्ख्याको (१३६४५४६३) ५१.५ प्रतिशत महिला छन् । ५४,२७३०२ परिवारमा १९.७१ प्रतिशत परिवारमा महिलाको घर र जग्गाको स्वामित्व छ । त्यस्तै महिला घरमूली २५.७३ प्रतिशतमात्र छन् ।

भूकम्पपश्चात सिन्धुपाल्चोकमा मात्र १ हजार २ सय ६६ परिवारले संयुक्त पुर्जा बनाए । अभियानमार्फत हालसम्म देशभर गरी ८ हजार १ सय ४३ परिवारका महिला पुरुषको नाममा जमिनको संयुक्त स्वामित्व छ ।



विश्वास नेपाली

# भूकम्प, पुनर्निर्माण र भूमि सवाल



भूकम्प गएको करिव ५ वर्ष पुग्नै लाग्यो । भूकम्पले १४ जिल्ला अति प्रभावित र थप १७ जिल्लामा आंशिक क्षति गरेको थियो । प्रभावित भएका जिल्लाहरूमा यतिबेला पुनर्निर्माणको कार्य भइरहेको छ । सरकारले पुनर्निर्माणको कार्यलाई प्राथमिकतामा राखेको देखिन्छ तर त्यति उपलब्धि भने प्राप्त भएको देखिँदैन ।

मूलतः पुनर्निर्माणको क्रममा भूमिसँग सम्बन्धित समस्या भएका घर/परिवारको पुनर्निर्माण ढिलाइ भइरहेको छ । यसमा मुख्यगरी जोखिमयुक्त क्षेत्रका लाभग्राही (विस्थापित) र भूकम्पपीडित भूमिहीन परिवार छन् जसको भूकम्पमा क्षति भएको घरको पुनर्निर्माण हालसम्म पनि सम्पन्न हुन सकिरहेको छैन । विस्थापितहरू अस्थायी टहरा तथा शिविरमै छन् भने भूमिहीन परिवार पनि अस्थायी टहरामै बसिरहेका छन् ।

पछिल्लो पुस्ताले बेहोर्नुपरेको यो भूकम्पको क्षति ठूलो थियो । यसअघि विक्रम् संवत् १९९० सालमा पनि ठूलो भूकम्प गएको पढेका छौँ । त्यतिबेलाको भूकम्पको सम्झना गर्न सक्ने मानिस अहिले कम छन् । पछिल्लोपटक २०७२ वैशाख १२ र २९ मा गएको भूकम्पका कारण १० लाख ७२ हजार ९३ निजी घरमा क्षति पुगेको थियो । तीमध्ये ७ लाख ७३ हजार ९५ घर पूर्णरूपमा क्षति भएका थिए र २ लाख ९८ हजार ९९८ घर आंशिकरूपमा क्षति भएका थिए । हालसम्म पनि भूकम्पपीडितहरूले गुनासो गरिरहेको हुँदा यो सङ्ख्या बढ्ने आकलन गर्न सकिन्छ । भूकम्पका कारण ८ हजार ७ सय ९० जनाको मृत्यु भएको थियो । भूकम्पमा परी कुल २२ हजार ३ सय जना गम्भिर घाइते भएका थिए । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको तथ्याङ्कअनुसार २०७६ कात्तिकसम्म ५ लाख ११ हजार २ सय ९९ ले तेस्रो किस्तासम्मको अनुदान बुझी घर निर्माण सकेका छन् ।

भूकम्पका कारण बढी मारमा परेको वर्ग भनेको भूमिहीन, सुकुमबासी, साना किसान, विस्थापित परिवार, एकल महिला, दलित समुदाय बढी छन् । सरकारी सहयोग अपुग हुने र आफूले थप लगानी गरी घर निर्माण गर्न नसक्नेको अवस्था कमजोर भएको हो । भूकम्पकै कारण आफ्नो पुरानो बासथलो गुमाएका जोखिमयुक्त क्षेत्रका परिवारको छुट्टै समस्या छ । भूमिहीन तथा आर्थिक अवस्था कमजोर भएका परिवारले निर्माण गरेका घरको आकार जम्मा १ कोठे छ । यसले त्यस्ता परिवारको आवश्यकता परिपूर्ति हुने अवस्था छैन । कतिपयले आफूसँग आर्थिक क्षमता नहुँदा घर निर्माण सुरु गर्नै सकेका छैनन् ।

भूकम्प प्रभावित जिल्लामा जग्गासम्बन्धी समस्या छन् । यी जिल्लामा बसोबास गर्ने सबै परिवारसँग लालपुर्जा छैन । कतिपय परिवार भूमिहीन छन् जो सरकारी जग्गा, वन क्षेत्रको जग्गा, ऐलानी जमिन, सामुदायिक वनको जग्गा र अन्य व्यक्तिको जग्गामा बसोबास गर्छन् । कतिपय परिवार बिर्तापीडित, गुठीपीडित, मोही किसानलगायत छन् । कसैको भएको जमिन सडक मापदण्डभित्र परेको कारण घर निर्माण गर्न नपाइरहेको अवस्था छ । यी परिवारसँग आफ्नो घरबास भएको जमिनको समेत स्वामित्व (लालपुर्जा) छैन ।

सरकारले पहिलो चरणमा जारी गरेको भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान, वितरणसम्बन्धी कार्यविधि, २०७२ अनुसार अनुदानका लागि लाभग्राही हुन नागरिकताको प्रमाणपत्र र जग्गा धनी प्रमाण पुर्जा अनिवार्य हुनुपर्ने प्रावधान थियो । यी प्रमाणको प्रतिलिपि पेश गर्नेले मात्र निजी आवास निर्माणका लागि सरकारी अनुदान लिन सक्ने व्यवस्था थियो ।



राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको विभिन्न चरणको डेलिगेसन, बैठक, भेटघाट अन्तरक्रियापछि कार्यविधि संशोधन गरी निजी आवास पुनर्निर्माण अनुदान वितरण केही खुकुलो बनाइयो । पछि भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ दफा ३, अनुसूची १ को बुँदा १२ अनुसार, सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गाबाहेक विभिन्न किसिमका गुठी, बिर्ता र गुठी अधीनस्थ जग्गा, मोही लागेको जग्गा, स्वबासी, वेनिस्सा, गाउँब्लक, कोदाली, आँकडा, बिटौरी, उखडासमेतका जग्गामा बसोबास भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीसँग घरबास भएको जग्गाको भोगसम्बन्धी कुनै निस्सा, रसिद वा पुर्जी भए सो निस्सा रसिद वा पुर्जीका आधारमा स्थानीय तहले गरिदिएको सिफारिस र त्यस्तो निस्सा, रसिद वा पुर्जी नभएको अवस्थामा सोही बेहोराको सिफारिस एवम् क्षतिग्रस्त घरबास भएको जग्गाका कम्तिमा दुईजना सँधियारले घरबास भएको जग्गाको भोगचलन गरेको हो भनी गरिदिएको सरजमिन मुचुल्काका आधारमा त्यस्ता घर धनी लाभग्राहीसँग घर निर्माण अनुदान सम्झौता गर्न सकिने व्यवस्था आएको थियो । यसबाट आफ्नो स्वामित्वमा लालपुर्जा नभए पनि भोगचलन गरिरहेको जग्गामा मुचुल्का र सिफारिस राखी अनुदान सम्झौता गरी घर पुनर्निर्माण कतिपय परिवारले गरेका थिए ।

यो व्यवस्थाले पनि भूमिहीन र विस्थापित परिवारलाई समेटेको थिएन । निरन्तरको छलफल, अन्तरक्रिया र डेलिगेसनपछि पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (दोस्रो संशोधन) २०७५ गरी २०७५ माघ २१ मा मन्त्रिपरिषद् बाट समेत स्वीकृत गराई सोअनुसार निर्णय २ मा भनियो- यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक जग्गा, वन क्षेत्र र सरकारी जग्गा अतिक्रमण गरी बनाइएको घर क्षति भई लाभग्राही सूचीमा परेका लाभग्राहीहरूको हकमा एकासगोलका घर/परिवारको नेपालभर अन्यत्र जग्गा नभएको अवस्थामा घडेरी खरिद गर्न प्राधिकरणले तोकिएको प्रक्रिया पूरा गरी अनुदानस्वरूप २ लाख रुपियाँ उपलब्ध गराउने ।

बुँदा २ को (ग) मा भनियो- लाभग्राही सूचीमा परेका भूमिहीन भूकम्पपीडितहरूको घरबासका लागि उपर्युक्त बमोजिम स्थानान्तरण हुन नचाहनेको हकमा निजहरूले पराम्परादेखि भोग गर्दै आएको साविकको घडेरी जग्गामा नै निजी आवास पुनर्निर्माण गर्न चाहेको अवस्थामा निजहरूले भोग गरेको जग्गामा घरबासको क्रममा जडान भएका धारा, विद्युत्, टेलिफोन आदिको प्रमाणसहित सार्वजनिक मुचुल्काका आधारमा स्थानीय तहबाट सिफारिस भई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको काम कारवाहीमा समन्वय गर्न गठित जिल्ला समन्वय समितिको निर्णयका आधारमा सोही स्थानमा निजी आवास पुनर्निर्माण गर्न अनुदान रकम पाउने । यस्तो जग्गामा पुनर्निर्माण गर्ने निजी आवासको हकमा घरको लम्बाइ, चौडाइ, उचाइ, साइट प्लान, सडकको अधिकार क्षेत्रभित्रबाट दूरीलगायत विवरणहरू पेश गरी घर निर्माण स्वीकृतिका लागि दिएको निवेदन स्थानीय तहले अभिलेखीकरण गरी निर्माण स्वीकृत दिनेछ । तर यस्तो स्वीकृतिलाई जग्गा दर्ताको प्रमाणका रूपमा लिइने छैन । यो व्यवस्थाबाट आफ्नो नाममा जमिन नभएको परिवारले २ लाख रुपियाँ लिई घडेरी खरिद गर्न पाउने भए भने ऐलानी तथा वन क्षेत्र र सार्वजनिक जमिनमा बसोबास गर्दै आएका भूमिहीन परिवारले त्यही क्षेत्रमा घर बनाउन अनुदान लिन पाउने भए र लिए पनि ।

हालसम्म १८१ भूमिहीन घर/परिवारले २ लाख रुपियाँ लिई घडेरी खरिद गरेका छन् । ३ हजार ६ सय ५५ भूमिहीनलाई बसोबास गरिरहेकै ठाउँमा घर निर्माण गर्नका लागि स्वीकृति प्राप्त भएको छ । यसले उनीहरू बसोबास गर्दै आएको ठाउँ एक हिसावले सुरक्षित भएको छ । यद्यपि यस्तो ठाउँको लालपुर्जा भने प्राप्त भएको छैन । तर यसरी जिल्ला समन्वय समितिले निर्णय गरी सोही ठाउँमा घर निर्माणका लागि अनुदान दिन स्वीकृति दिएपछि भने भोलिका दिनमा जग्गा दर्ता गर्नका लागि आधार भने तय भएको छ ।

भूकम्पले थप सिर्जना गरेको समस्या भनेको विस्थापित हुनुपर्ने बाध्यता हो । साविक स्थानमा बसोबास गर्दै आएका मानिस भूकम्पका कारण आफ्नो बसोबासस्थल जोखिमयुक्त क्षेत्रमा परेको, त्यहाँ पहिरो गएको, भूगोल चिराचिरा परेका कारण समस्यामा परे । त्यहाँबाट स्थानान्तरण गराइनुपर्ने भयो । यो समस्या भूकम्प प्रभावित अधिकांश जिल्लामा देखापऱ्यो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३ जारी गरी भूकम्पका कारण जोखिमयुक्त क्षेत्रमा

परेका लाभग्राहीका लागि भूकम्पपीडितलाई बसोबासयोग्य जग्गा खरिदसम्बन्धी मापदण्ड, २०७४ समेत ल्याएको छ। यस्तो व्यवस्था भएपछि विस्थापित परिवारलाई केही राहत मिल्यो। ४ हजार ६४ परिवार भूकम्प प्रभावित जिल्लामा आन्तरिकरूपमा विस्थापन भएकामध्ये २ हजार १ सय ७८ परिवारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट २ लाख रुपियाँ थप अनुदान लिई घडेरी खरिद गरेका छन्। उनीहरूले खरिद गरेको जग्गाको क्षेत्रफल करिब ६४ हेक्टर छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त हुने २ लाख रुपियाँले भूमिहीन तथा विस्थापित परिवारलाई घडेरी खरिद गर्ने कार्यमा सहयोग पुगेको छ। र, साविक स्थानमै बसोबास गर्न चाहने भूमिहीन परिवारलाई केही हदसम्म राहत मिलेको छ। यद्यपि लामो समयदेखि ऐलानी, सार्वजनिक र सरकारी जमिनमा बसोबास गर्दै आएका परिवारलाई अब घडेरी जति मात्र जग्गा हुने हो कि वा भोगचलन गर्दै आएको जग्गा सबै आफ्नो स्वामित्वमा ल्याउन सकिने हो भन्ने अन्योल र चिन्ताचाहिँ थपिएको छ।

यस्तै, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्नेसम्बन्धी कार्यविधि, २०७२ र भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणका लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७२ ल्याएको भए पनि त्यसले खास कार्यान्वयन हुन पाएन। र, यो अवधिमा यी कार्यविधिमा व्यवस्था भएअनुसार कहीँ कतै पनि जग्गा दर्ता प्रक्रिया अघि बढ्न सकेन।

सरकारले जम्मा २ लाख रुपियाँ घडेरी खरिदका लागि दिने नीति बनायो। तर सबै ठाउँका भूकम्पपीडित परिवारलाई एउटैखालको सहयोग पर्याप्त हुन सकेको छैन। जग्गा धनीहरूले जग्गाको मूल्य आकाश छुनेगरी बढाएका छन्। कतैकतै २ लाख रुपियाँमा एक आनासमेत जग्गा नपाउने अवस्था छ। जोखिमयुक्त क्षेत्र भएको गाउँ नजिकै सुरक्षित जग्गा पाउन कठिन छ। यसले गर्दा विस्थापित र भूमिहीन परिवारको पुनर्वास प्रक्रियामा समस्या उत्पन्न भइरहेको छ। राज्यले भूकम्पपीडितलाई एकै नजरमा हेरेको छ। भूकम्पले पारेको असरको



**आफ्नो स्वामित्वमा लालपुर्जा नभए पनि भोगचलन गरिरहेको जग्गामा मुचुल्का र सिफारिस राखी अनुदान सम्झौता गरी घर पुनर्निर्माण कतिपय परिवारले गरेका थिए।**

हिसाबमा त्यो सही होला तर सबै जनताको आर्थिक हैसियत एउटै छैन। आवश्यकताका आधारमा सहयोग गरिएको भए प्रभावकारी हुने थियो।

समुदायमा रहेका भूमिहीन, दलित, एकल महिला, ज्येष्ठ नागरिक उमेरका, आफन्त गुमाएका, साना किसान परिवारलाई विशेष सहयोग कार्यक्रम सञ्चालन गरी सहयोग गर्नुपर्ने आवश्यकता छ। भूकम्पपीडित परिवारलाई दिने भनेको सहुलियत र बिनाब्याजको ऋण दिने प्रक्रिया अझै गाउँघरमा सुरुवात भएको छैन। यसले गर्दा पुनर्निर्माणको प्रक्रियासमेत ढिलाइ हुँदै गएको छ भने अर्कोतर्फ सबै निर्माण सामग्रीको मूल्य बढ्दै गइरहेको छ। उनीहरूलाई राज्यले थप सुविधा दिने वा आवास निर्माण गरिदिनु आवश्यक देखिन्छ। यसैले अबको अभियान यस्ता समस्यामा परेका परिवारलाई सहयोग पुग्ने गरी थालिनु आवश्यक छ।

भूकम्प प्रभावित भूमिहीन परिवार र जोखिमयुक्त क्षेत्रका लाभग्राहीलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउने तथा पुनर्निर्माण गराउन सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र पिपुल इन निड (पिन) को कन्सोर्टियममा सञ्चालित दिगो समाधान कार्यक्रमले सहजीकरण गरिरहेको छ। यो अभियान निरन्तर छ। यो अभियानले विस्थापित तथा भूमिहीन परिवारलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी घडेरी खरिदका लागि अनुदान लिने, त्यसका लागि आवश्यक पर्ने प्रक्रियामा सहजीकरण गर्ने र जग्गा खोजी गरी खरिद प्रक्रियामा सघाउने अनि घर पुनर्निर्माणका क्रममा अनुगमन गर्ने तथा प्राविधिक सहयोगका लागि समन्वयको भूमिकामा सहयोग गरिरहेको छ।



विनोद गौतम

# यात्रा र सङ्घर्षले दिएको सन्देश

मोहन मैनालीद्वारा लिखित उपल्लो थलो पहाडी जनजीवनलाई उजागर गर्ने सशक्त पुस्तक हो। उपल्लो थलो अर्थात हिमाल र पहाडका अग्ला डाँडाहरूमा बस्ने मानिसको जीवनयापन र सङ्घर्षलाई यस पुस्तकले मिहिन ढङ्गले उजागर गरेको छ। मैनालीले यात्रा गर्ने क्रममा भेटेका र देखेका जीवनलाई सरल ढङ्गले पुस्तकमा उल्लेख गरेका छन्। चार खण्डमा विभाजित पुस्तकका पहिला तीन खण्ड गोरखा जिल्लाका माथिल्लो भूभागको यात्रालाई समेटिएको छ भने अन्तिम अर्थात चौथो खण्डमा मानसरोवरको यात्रा समेटिएको छ।

पुस्तकको पहिलो खण्ड अर्थात बूढीगण्डकीमा लेखकले बूढीगण्डकी क्षेत्रका मानिसले भोगेको जीवन, दुःख, पीडा र उनीहरूको दैनिकीलाई समेटिएको छ भने सरकार परिवर्तन अर्थात मनमोहन अधिकारी नेतृत्वको कम्युनिस्ट सरकार गठन भएपछि सो सरकारले छुवाछूत हटाउला भन्ने मानिसको आशा पनि समेटेको छ। बूढीगण्डकीका मानिसको दुःख र यहाँको पर्यटकीय सम्भावनामा एकदम कम ध्यान पुगेको र सम्भावना भएर पनि पछि परेको क्षेत्रलाई यस खण्डमा प्रस्तुत गर्ने प्रयास गरिएको छ। यो खण्डले बूढीगण्डकीका मानिसको सङ्घर्ष, दुःख र राज्यको दृष्टिकोणमा नआएको परिवर्तन उल्लेख छ।

यसैगरी दोस्रो खण्ड बूढीगण्डकीमा लेखकले त्यस क्षेत्रका बासिन्दाको लवाइखुवाइ, रहनसहन र लेखक आफू समाहित हुँदाको रोमाञ्चकतालाई उल्लेख गरिएको छ। जडीबुटीको प्रचुर सम्भावना




रहेको यो क्षेत्रका मानिसले औषधिका रूपमा आफ्नै ठाउँको उत्पादन प्रयोग गर्ने जो काठमाडौं अर्थात शहरमा बसोबास गर्ने मानिसले पत्याउन नसकेका कुरा प्रस्तुत गरिएको छ। यात्राका क्रममा लेखकले भोगेका दुःख, स्थानीय मानिसको सहयोगलगायतलाई यो खण्डमा उल्लेख गरिएको छ।

यसैगरी तेस्रो खण्डमा बूढीगण्डकीमा केही राजनीति विशेषतः माओवादी सशस्त्र युद्धले ल्याएको परिवर्तन र गाउँलेका आशा समेटिएको छ। राजनीतिले सम्भावना देखाए पनि त्यसको उपलब्धि व्यवहारमा कमै देख्न पाएका जनताका लागि साना साना विकासका नमुना पनि रमाइला लाग्ने लेखकको आशय छ। विकासमा पछि परेको बेला मान्छे विद्रोहमा कसरी लाग्छ र यसको परिणाम सोचेअनुरूप नहुँदा निराशा कसरी आउँछ भन्ने यो खण्डले बताउन खोजेको स्पष्ट छ।

पुस्तकको चौथो अर्थात अन्तिम खण्डमा लेखकले मानसरोवरको यात्रा वर्णन गरेका छन्। पहिलो यात्राका क्रममा आइपरेका जटिलता विकासका पूर्वाधारलाई बेलैमा ध्यान नदिँदा आइपर्ने जटिलता, मानसरोवर जानका लागि पनि भारतीय भूमि भएर जानुपर्ने बाध्यता र त्यहाँका मानिसले दिने दुःखलाई सरल भाषामा लेखकले प्रस्तुत गरेका छन्।

उपल्लो थलोको सबैभन्दा सशक्त पक्ष भनेको यसमा उल्लिखित भाषाको सरलता हो। साधारण भाषामा उपल्लो थलो अर्थात हिमाली भेगका मानिसले भोगिरहेका जटिलतालाई लेखकले बृहत् सुन्दर ढङ्गले प्रस्तुत गरेका छन्। पुस्तकले यात्राका क्रममा आएका जटिलतालाई मात्रै उजागर गरेको छैन। यसका साथै विकासले पछि पारेको आवस्था, जनताका आवाज कसरी सम्बन्धित ठाउँमा पुग्दैनन् भन्ने बहसलाई पनि सतहमा ल्याएको छ। यात्रा एउटा प्रक्रिया हो। यो प्रक्रियालाई सतहमा ल्याएर अग्ला अग्ला पहाडका छेउमा बस्ने मानिसले भोगेका दैनिकीलाई उजागर गर्नु लेखकको सशक्त पक्ष हो। बाटो जतिसुकै लामो भए पनि यात्रा नछोड्नू, यात्रामा आउने जटिलताले पनि सन्देश दिइरहेको हुन्छ, सोचेको जस्तो जीवन जिउन धेरै मुस्किल छ भन्ने सन्देश यात्राका क्रममा लेखकले भोगेका जटिलता अध्ययन गरेपछि महसुस हुन्छ।

आख्यान र उपन्यास पढेर आनन्द लिनेहरूका लागि यात्राको वर्णन झिँजो लाग्न सक्छ। कतिपय पाठकले यात्राको वर्णन गर्नुभन्दा त्यहाँका मानिस र उनीहरूका सङ्घर्षलाई अझ मिहिन ढङ्गले सतहमा ल्याएका भए हुने भन्ने अपेक्षा पनि गर्न सक्छन्। तर नेपालका माथिल्ला पहाडी तथा हिमाली भाग नटेकेका र यात्रामा आइपर्ने जटिलता नभोगेका मानिसलाई यो पुस्तक पढ्दै गर्दा नेपालको उपल्लो थलोको वृत्तचित्र हेरेझैं सरल लाग्छ। साना जटिलताबाट पनि विचलित हुने अर्थात जटिलताबाट अत्तालिएर बाटो मोडिहाल्ने यात्रीलाई यो पुस्तकले गतिलो सन्देश दिएको छ। त्यो हो- अन्तिम समयसम्म पनि सङ्घर्ष गर्न नछोड्नू। हरेस खाइएन भने आफूले सोचेको परिणाम एकदिन अवश्य हात लाग्छ।

# समानताका लागि भूमि अधिकार



जमिन उत्ति हो। जनसङ्ख्या बढिरहेको छ। यसमा पनि कृषि/भूमिको गैरकृषि प्रयोग तीव्र छ। यसो हुँदा विश्वमै जमिनमा चाप बढ्दो छ। आवास-क्षेत्र विकासका लागि केही देशले समुद्रका निश्चित भाग पुर्न सुरु गरेका छन्। कृषि क्षेत्रमा ठूला कम्पनीको प्रवेशसँगै किसान विस्थापन नसोचेको दरमा भइरहेको छ। यसले गर्दा विश्वव्यापीरूपमा भूमि र मानवबीचको सम्बन्धमा पनि फेरबदल आएको छ। आदिवासी र स्थानीय समुदायले उपयोग गरिरहेका जमिनमा आज कम्पनी पसेका छन्। र, यसले भूमिको संरचना, स्वामित्व र उपयोगमै अकल्पनीय उथलपुथल ल्याएको छ। जसको असर क्रमशः परिवार तहसम्म आइपुगेको छ।

गाउँको खेतीपातीको चित्र पत्याउनसमेत गाह्रो हुने गरी बदलिँदै छ। १०० मध्ये ५३ परिवारका कम्तीमा १ सदस्य विदेश वा सहर पसेका छन्। यसरी जानेमा अधिकतर पुरुष छन्। यसले खेतीपातीमा महिलाको जिम्मेवारी निकै बढाएको छ। अहिले कृषि काम लगभग पूरै महिला किसानले धानिरहेका अवस्था छ। यथार्थको यो तस्बिर एकातिर छ भने अर्कातिर महिला किसानले कृषिमा पुर्‍याएको योगदानको कदर हुन सकेको छैन। महिला किसानको पहिचान अझै ओझेलमा छ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत छ। दशकअघिसम्म ७० प्रतिशत नेपाली कृषिमा संलग्न छन्। यी सबै परिवारको जीविकाको मुख्य आधार पनि खेतीपाती नै हो। त्यसैले कृषिका बहुआयामिक पक्षबारे यथार्थ बहस र ठोस काम गर्न आवश्यक छ। जसमध्ये महिला किसानको पहिचान स्थापित गर्ने र आत्मसात् गर्ने विषय महत्वपूर्ण छ। नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ ले ८९ प्रतिशत महिला खेतीपातीमा संलग्न भएको देखाएको छ। सन् २०११ कै सरकारी तथ्याङ्कअनुसार कम्पोस्ट मल हाल्ने काममा ९६ प्रतिशत महिला सहभागी हुन्छन्। सिँचाइमा उनीहरूको भूमिका ५० प्रतिशत छ। त्यसैगरी गोडमेलमा महिला किसानको भूमिका ७० प्रतिशत छ भने बाली भित्र्याउनेमा ६३ प्रतिशत छ। यी तथ्यले नेपालको कृषि कार्यमा महिलाको भूमिका कति छ भन्ने प्रस्ट पार्छन्।

प्रश्नचाहिँ के भने महिला किसानले कृषिमा पुर्‍याएको योगदानका आधारमा तिनलाई हौसला दिनेखालका नीति, कार्यक्रम तथा व्यवहार किन छैन ? यतिका काम गर्दा पनि किन पहिचान छोपियो ? यसका धेरै कारण हुन सक्छन्। व्यक्तिको पहिचान मूलतः सम्पत्तिको स्वामित्वसँग गाँसिएको छ। नेपाली किसानको सम्पत्ति भनेको जमिन हो तर त्यही जमिनमा किसान महिलाको स्वामित्व अति कम छ। पछिल्लो जनगणनाले घर र जमिनमा स्वामित्व हुने महिला १९.७१ प्रतिशत पुगेको देखाए पनि तिनको स्वामित्वको आकार अति न्यून छ। र, अधिकतरको स्वामित्व खेतीयोग्य जग्गामा नभएर घडेरीमा हो। अनि ती महिला त हुन् तर धेरैजसो किसान होइनन्। जमिनमा स्वामित्व स्थापित भएपछि मात्र महिला किसानको पहिचानले बाटो समाउनेछ।

व्यक्तिगत सम्पत्ति रहने समाजमा महिला-पुरुषबीच जमिनको पनि न्यायोचित वितरण हुनुपर्छ। नेपालका महिला किसानले भूमि सम्पत्तिमा हक दाबी गर्न सशक्त आवाज उठाउन पुगेको छैन। यसो नभई सही हिसाबले महिला किसानको पहिचान हुन सक्दैन।

संविधानमा महिलाको हकलाई विशेष महत्वसाथ उल्लेख गरिएको छ। जसमा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था छ तर यो महत्वपूर्ण व्यवस्था कार्यान्वयनमा सचेत र ठोस प्रयास

भने गरिएको छैन । अधिकतर नेपाली किसानको सम्पत्ति भनेको जमिन र घर हो । यस्तो सम्पत्तिमा महिलाको स्वामित्व बढाउन सरकारी र गैरसरकारी क्षेत्रबाट केही प्रयास भइरहे पनि यसलाई अभियानकै रूपमा अघि बढाउन सकिएको छैन ।

जमिन किनबेच गर्दा लाग्ने राजस्वमा महिलालाई विशेष छूट दिइएको छ । परिवारका पुरुष वा महिला सदस्यको स्वामित्वमा भएको घर/जग्गामा संयुक्त स्वामित्व कायम गराउन सय रुपियाँ शुल्क बुझाएर गर्न सक्ने व्यवस्था गरिएको छ । यो सहुलियतले खास महिला किसानलाई जति समेट्नुपर्ने हो त्यति समेट्न सकेको छैन । संयुक्त पुर्जा (लालपुर्जा) बनाउने अभियानले जग्गा किनबेच गर्दा घर सल्लाह बढेको, एकले मात्र आफूखुसी गर्न नपाएको, सम्पत्ति सुरक्षामा सघाउ पुगेको आदि सकारात्मक परिणाम प्राप्त भएका छन् । महिलामाथि भइरहेको हिंसा कम गर्न पनि यसले बलियो आधार दिएको छ ।

वर्तमान अवस्था नियाल्दा भूमिको स्वामित्व किसान परिवार र त्यसमा पनि महिला किसानसम्म पुऱ्याउनुपर्ने सवाल टड्कारो छ । गाउँका महिला भूमिमा सबभन्दा बढी पसिना चुहाउँछन् तर भूमिमा तिनैको स्वामित्व छैन । किसान महिलाको भूमिमा अधिकार नहुनु भनेको उनीहरूको मानव अधिकार हनन हुनु हो ।

महिला सशक्तीकरण, हिंसा न्यूनीकरण आदि विषयमा नेपालमा पनि लामो समयदेखि अभियान एवं आन्दोलन भइरहेका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलगायत विभिन्न उच्च सरकारी निकाय, राष्ट्रसङ्घीय निकाय साथै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाले महिला अधिकार प्रवर्द्धनका लागि आवश्यक रणनीति तथा योजनाबारे दसौं हजार पाना दस्तावेज बनाइसकेका छन् । कैयौं परियोजना सम्पन्न गरिएका छन् भने कैयन् सञ्चालन भइरहेका छन् । तर औंलामा गन्न सकिने स्वदेशी वा विदेशी विकासविज्ञ र परामर्शदाताबाहेक अरूले असमान भूमि सम्बन्धका कारण महिला कति गरिबी र अन्यायमा परिरहेका छन् भनेर उल्लेख गरेका छैनन् । महिला अधिकार सुनिश्चित गर्न भूमिलगायत सम्पत्तिमा उनीहरूको कानुनी र व्यावहारिक स्वामित्व बढाउने कुरा नपर्नु आश्चर्यको विषय भएको छ ।

आफ्नो घर र एक टुक्रा जग्गा पनि नभएका गरिबलाई जम्मा गरेर करेसाबारीसम्बन्धी तालिम दिने, उन्नत जातका धानको महत्व बुझाउने गोष्ठीमा सहभागी गराउने र उन्नत जातका बेर्ना बाँड्ने काम भने निकै भएका छन् । टापटिपे तरिकाले कार्यक्रम गर्नुभन्दा महिला समुन्नतिको बाधक रहेका संरचनागत कारण केलाई त्यसलाई सम्बोधन गर्ने किसिमले गरिनुपर्छ ।

वर्तमान परिवेशमा भूमि अधिकारलाई आधारभूत मानव अधिकार स्वीकार गरिएको छ । मानव अधिकार भनिसकेपछि यो महिला र पुरुष दुवैको बराबरी हकको कुरा पनि हो । भूमि मान्छेले बनाएको वस्तु नभएर प्राकृतिक उपहार भएकाले जसले जमिनको समग्र व्यवस्थापन गर्छ, संरक्षण गर्छ, त्यसमा उसको हक हुन्छ र हुनु पनि पर्छ । त्यसैले महिला वा पुरुष, जो जमिनमा काम गर्छन्, त्यसमा उनीहरूको बरोबरी हक लाग्ने कुरा सामाजिक न्यायको सवाल हो । भूमिमा अधिकार ग्रामीण तथा कृषिमा संलग्न महिलाको आर्थिक सशक्तीकरणका लागि जग नै हो । महिलाको व्यक्तिगत क्षमता तथा आत्मविश्वास बढाउन तथा उनीहरूको सामूहिक हैसियत नै उकास्न पनि भूमिमा अधिकार अत्यावश्यक हुन्छ ।

ग्रामीण जनजीवन हेर्दा दिगो जीविकाको महत्वपूर्ण स्रोत भूमि नै देखिन्छ । त्यसैले भूमिमा महिलाको अधिकार कायम गर्ने व्यवस्थाले सिंगो ग्रामीण जनजीविकाको सुरक्षालाई दरो बनाउँछ । जोताहा महिला र पुरुष दुवैलाई जमिनको मालिक बनाउने व्यवस्थाले आर्थिक उत्पादकत्व पनि बढ्नेछ । यो पनि नेपाल र संसारभरकै अनुभव हो- जमिन व्यवस्थापनका साथै सम्पूर्ण वातावरणको संरक्षण गर्ने ज्ञान, सिप र जिम्मेवारी महिलामा बढी छ । यसर्थ महिलालाई भूमि अधिकार दिँदा वातावरणीय संरक्षण पनि अझ राम्रो हुनेछ ।

आर्थिक र सामाजिक स्थितिले परिवार तहको निर्णय प्रक्रियामा ठूलो परिवर्तन ल्याउँछ । परिवारका कुनै एक जनाको नाममा भएको जमिन सबै सदस्यको हो भन्ने बुझाइ भए पनि त्यसको उपयोग वा खरिद-बिक्रीमा कानुनीरूपमै स्वामित्व हुनु र नहुनुले ठूलो फरक पार्छ । यसो हुँदा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहँदा जमिनमा श्रम गर्ने महिला र किसानको त्यसमा कानुनी र व्यावहारिक स्वामित्व हासिल गराउने विषयमा बृहत् बहस तथा ठोस कार्यक्रमबारे सरकारी र गैरसरकारी दुवै क्षेत्रको ध्यान जान जरुरी छ ।

यसका लागि स्थानीय सरकार महत्वपूर्ण अवसर हो । हरेक स्थानीय सरकारले महिला सशक्तीकरण र अधिकारका लागि उनीहरूको घर र जमिनमा एकल वा संयुक्त, जुन उपयुक्त हुन्छ, त्यसका लागि आफ्ना रणनीति र कार्यक्रममा समावेश गरी अभियान नै सञ्चालन गर्नुपर्छ । जमिन नभएका परिवारलाई जमिन उपलब्ध गराउने, भएकाको स्वामित्व महिलामा समेत स्थापित गर्ने गरी काम भएमा आगामी केही वर्षमा महिलाले सामाजिक र आर्थिक क्षेत्रमा पनि फड्को मार्न सक्छन् ।

हरेक परिवारका महिला र पुरुष दुवै जमिनका कानुनी र व्यावहारिक अधिकारवाला भए पनि त्यसबाट आउने परिवर्तन निकै फराकिलो हुनेछ । संविधानमा भएका व्यवस्था व्यवहारमा उतार्न पनि घर र जग्गामा महिलाको स्वामित्व कायम गर्ने कामलाई प्राथमिकतामा राखेर अघि बढाउन अब ढिला नगरौं । औपचारिकता निर्वाह गर्न गरिने गोष्ठी, बैठक र सोसियल भनिएका मिडियामार्फत गरिने सस्तो मिडियाबाजीले होइन, ठोस र रूपान्तरणकारी बाटो हिँड्दामात्र हिंसा, विभेद र असमानता कम गर्न सकिन्छ ।

(नागरिकबाट)



जगत देउजा

# कृषिमा कोरोना प्रभाव



कोरोना महामारीले प्रभाव नपरेको कुनै क्षेत्र रहेन । संक्रमणले सबै भूगोल, वर्ग र पेशाका मानिसलाई छोइसकेको छ । यसको नियन्त्रण र रोकथामका लागि लिइएको लक डाउन वा यस्तै अन्य कारणले भने श्रमिक र गरिब वर्गलाई बढी असर गरिरहेको छ । मूलतः शहरी क्षेत्रमा बसोबास गर्ने मजदूर र ग्रामीण क्षेत्रमा पनि दैनिक ज्यालादारीमा काम गरी जीविकोपार्जन गर्दै आएका परिवारका लागि खाद्य अभावलगायतका समस्या देखिएको छ ।

एकापसमा अप्ठेरो परेकामा सघाउने संस्कृति र यसअघि पनि नाकाबन्दी, भूकम्प जस्ता विपत्ति झेलिसकेका नेपालीका लागि ५-७ दिन ज्यादै कठिनको विषय थिएन । यसै भएकाले भारतमा जस्तो ठूलो भोकमरीको समस्या देखिएको छैन । तर लक डाउन थपिँदै जाँदा खाद्य सञ्चिति सकिँदै जाने र खरिदका लागि रकम नहुने समस्याले मूलतः श्रमिक वर्गलाई अप्ठेरो पर्नेछ । यस्तै कठिन समयमा बजार भाउ बढ्ने, उधारोमा सामान नपाउने, सापटी पनि नपाइने आदि समस्या पनि हुन्छन् ।

यस्तो स्थिति आउन नदिन सरकारले स्थानीय सरकारको अगुवाइमा त्यस्ता परिवारको लगत तयार पारी खाद्यान्न उपलब्ध गराउनेलगायतका केही अन्य सहुलियतका कार्यक्रम घोषणा गरेको छ । यस्तो विवरण अद्यावधिक भइरहने परिपाटी भएको भए वा लक डाउन घोषणा हुनासाथ पनि यस्तो विवरण सङ्कलन गर्न सकिएको भए अब अभाव भएकालाई खाद्यान्न उपलब्ध गराउन सहज हुने थियो । यद्यपि स्थानीय सरकारको पनि वडा तहले पहल लिने भएकाले ठूला शहरबाहेकका नगरपालिका र गाउँपालिकामा यस्तो परिवारको पहिचान र खाद्य सहयोग जुटाउन ठूलो अप्ठेरो छैन ।

यस कार्यको अगुवाइ स्थानीय सरकारले गर्नु बढी व्यावहारिक हुन्छ । यद्यपि खाद्यान्न सहयोग गर्नुपर्ने बेला लगत लिन सुरु गर्नु अलि असहज काम हो । स्थानीय तहले खाद्यान्न अभाव हुने परिवार र आफ्नो पालिकाभित्र दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरूको तथ्याङ्क राख्नुपर्ने र यसलाई समय समयमा अद्यावधिक गर्न सकेको भए अहिले सहायता प्रदान गर्न धेरै सजिलो हुने थियो । यसलाई आगामी दिनमा सिकाइका रूपमा लिन जरुरी छ ।

सरकारले घोषणा गरेको राहत प्याकेजमा भूमिहीन र साना किसानको विषयमा केही बोलेको छैन । यसले पक्कै पनि ठूला वा व्यावसायिक किसानमा पनि असर गर्छ । तर असरको मात्रा र प्रकृति भने भूमिहीन र साना किसानमा बढी हुन्छ । कृषि मजदूर, भूमिहीन र साना किसानहरू तुरुन्तै खाद्य असुरक्षाको अवस्थामा पुग्ने भएकाले ती वर्गका लागि पनि विशेष ध्यान दिनुपर्छ । कृषि क्षेत्रको विषयमा सरकारले तत्कालीन राहतको पाटोले हेर्नुपर्ने पक्ष एउटा छ भने दीर्घकालीन प्रभावको कोणबाट पनि अहिलेदेखि नै सचेत पहल थाल्नुपर्ने हुन्छ । उत्पादित कृषि उपजको भण्डारण, बिक्री वा नयाँ बाली लगाउने कार्यमा अवरोध भयो भने यसबाट देशले ठूलो नोक्सानी बेहोर्नुपर्ने हुन्छ । कोरोनाबाट जेनतेन फुत्किए पनि भोकमरीको अर्को संकट नआउला भन्न सकिन्न ।

अहिले जसरी स्वास्थ्य सामग्री खरिदमा ठूलो स्रोत लगाउनुपरेको छ भोलि त्यसैगरी चर्को मूल्यमा खाद्यान्न आयात गर्नुपर्ने हुन सक्छ । यसका जानकारहरूले सन् २००८ को भन्दा ठूलो भोकमरीको संकेत गरिसकेका छन् । ठूलो सङ्ख्याका मानिस गरिबीतिर धकेलिने पनि निश्चित छ । त्यसो हुँदा महामारी नियन्त्रण र रोकथामका लागि गर्नुपर्ने जरुरी कामको साथमा यसबाट

पर्ने दीर्घकालीन असरलाई आकलन गर्दै त्यस्तो असर कम गर्ने प्रयास पनि आजैबाट थाल्नुपर्छ ।

लक डाउन भए पनि सुरक्षित हिसावले पशु पालन र खेतीपातीको काम निर्वाध गर्न सरकारले प्रेरित गर्नुपर्छ । र, कुनै रोकावट छन् भने सहज बनाइदिनुपर्छ । परिवारका सदस्य मिलेर पशु पालन, बाली उठाउने र लगाउने कार्य गर्नलाई लक डाउनले असर पुग्नुहुँदैन । घरमै निष्क्रिय रहेर बस्नुभन्दा काम गर्दा रोगसँग लड्ने क्षमता पनि बलियो हुन्छ ।

किसानहरूलाई तत्काल खानाको समस्या छैन तर उत्पादित वस्तु बिक्री गर्न अप्ठेरो भइरहेको छ । उत्पादित तरकारी, दूध बेच्न असहज छ । हाटबजार बन्द छन् । केही व्यापारी तरकारी सङ्कलनका लागि निश्चित ठाउँमा त पुगेका छन् तर उनीहरूले कम मूल्य दिइरहेका छन् । ब्रोइलर कुखुरा पालेका र बेच्ने अवस्थामा पुगेका किसानलाई पनि समस्या छ । दानाको आपूर्ति सहज छैन । कुखुरा बिक्री हुँदैनन् । दूध नियमित बिक्री भइरहेको छैन । १-२ महिना ढिलो रकम भुक्तानी गर्ने गरी आंशिक खरिद भइरहेको छ ।

सरकारले दूध, तरकारी, खाद्यान्न, पानी ढुवानी र बिक्री कार्यलाई अत्यावश्यक सेवाअन्तर्गत राखेको भए पनि बजार प्रणाली खलबलिएको छ । असहज अवस्थाको फाइदा उठाएर सस्तोमा खरिद गर्ने र महँगोमा बेच्ने कार्य पनि भइरहेको छ । तसर्थ दूध, तरकारी र खाद्यान्न बिक्रीका लागि सरकारले अहिलेको व्यवस्थामा समीक्षा गरी थप सहज बनाउन आवश्यक छ । यस कार्यका लागि कृषि सहकारीहरूलाई सुरक्षिततवरले कार्य गर्ने गरी जिम्मेवारी दिन सकिन्छ । यसले आपूर्ति सहज भई उपभोक्तालाई पनि धेर/थोर सजिलो हुनेछ ।

विविध प्रकारको भूगोल र हावापानीका कारण कहीँ नयाँ बाली लगाउने बेला भएको छ । कतै गहुँ/तोरी आदि भित्र्याउने बेला छ । बाली भित्र्याउन केही कठिनाइ भए पनि यसले ठूलो नोक्सानी पुगिहाल्ने देखिँदैन । तर लक डाउन अझै लम्बिएमा काम गर्ने जनशक्ति अभावमा यस क्षेत्रमा पनि ठूलो नोक्सानी पुग्छ । मूल ध्यान दिनुपर्ने पक्ष भनेको लगाउनुपर्ने बालीलाई कसरी सही समयमा सही प्रकारले लगाउन सम्भव तुल्याउने भन्नेमा तीनै तहका सरकारको ध्यान जान आवश्यक छ ।

यसका लागि आवश्यक मल, बीउ र जनशक्तिको व्यवस्थापन गर्ने विषयमा हरेक स्थानीय तहमा टिम नै बनाएर कार्यक्रम बनाएर किसानलाई सहयोग गर्न ढिला गर्नुहुन्न । बाली लगाइएन भने र उत्पादित सामग्रीलाई जोगाउन सकिएन भने आज जसरी श्रमिक वर्ग खाद्य असुरक्षा बेहोरिरहेको छ त्यसैगरी भोलि अरू वर्गका मानिस पनि त्यस्तै चपेटामा पर्नेछन् । पैसा भएर पनि बजारमा खाद्यान्न नपाइने अवस्था हुन सक्छ । केहीगरी पाइहालिए किन्न सक्ने मूल्यको हुँदैन । यसो हुँदा किसानले खेतीपातीको काम गर्न सक्ने र उत्पादित वस्तु बिक्री गर्न सक्ने सहज वातावरण बनाउनुपर्छ । किनकि यो विपत्ति छोटो समयमा टुङ्गिने देखिँदैन ।

कोरोनाका कारण आगामी दिनमा सङ्गठित क्षेत्रकै पनि धेरैले रोजगारी गुमाउने अनुमान गरिएको छ । वैदेशिक रोजगारीको स्थिति पनि अब हिजोको जस्तो रहँदैन । यसले कृषि क्षेत्रमा लाग्ने मानिसहरूको सङ्ख्या भने बढ्ने देखिन्छ । तर यसले जमिनसँग भूमिहीन र साना किसानको सम्बन्धमा भने हेरफेर ल्याउनेछ । अरूको जग्गा अधिया वा बटैयामा गरिरहेका किसानले जमिन गुमाउने अवस्था आउन सक्छ ।

हाल गाउँको खेतीपाती अरूलाई जिम्मा लगाएर सहर छिरेका केही मानिस स्थायीरूपमा नै गाउँमा गएर खेती गरेरै बस्ने क्रम बढ्न सक्छ । यी सबै स्थिति हेर्दा आगामी दिनमा कृषि मजदूरको सङ्ख्या बढ्नेछ । यस्तो परिस्थितिमा हाल बाँझो रहेको भनिएको जमिनलाई कसरी सदुपयोग गराउने र कृषि क्षेत्रमा कसरी रोजगारी बढाउने भन्नेमा पनि अहिलेदेखि नै विकल्पहरूको खोजी थाल्न जरुरी छ ।

सङ्क्रमितको सङ्ख्या पनि श्रमिक तहका मानिसमा नै बढी हुने देखिन्छ । किनकि उनीहरू परिवारको तहमा क्वारेन्टाइनमा बस्दा सुरक्षिततवरले बस्न सक्ने वातावरण कम हुन्छ । वैदेशिक रोजगारीबाट आउने पनि बढी यो समूहका छन् । यसो हुँदा सरकारले कृषिको दीर्घकालीन नकारात्मक असर कम गर्न गर्नुपर्ने कार्यबाहेक तत्काल पनि कृषि श्रमिक, भूमिहीन र साना किसानलाई प्रत्यक्ष राहत (जस्तो- नगद सहयोग, मल र बीउमा थप अनुदान) र सरसफाइसँग सम्बन्धित सामग्रीहरू प्रदान गरेर उनीहरूलाई पनि सरकार साथमा रहेको आभाष दिन सक्नुपर्छ । व्यावसायिकरूपमा कृषि गरिरहेकाको हकमा ऋणको ब्याजमा सहुलियत वा कर छूट दिने आदि प्याकेजका कार्यक्रम ल्याउन आवश्यक छ ।

लक डाउन र क्वारेन्टाइनले कृषि र खाद्य आपूर्ति शृङ्खलामा अवरोध पुगेको छ । कृषि उपज ढुवानीलाई नियमित र सहज बनाउन अहिलेको भन्दा प्रभावकारी व्यवस्था तत्काल आवश्यक छ । स्थानीय बजारलाई कसरी निश्चित समय र प्रक्रियाको माध्यमबाट सुचारु गर्ने भन्नेमा स्थानीय सरकारले आवश्यक व्यवस्था गर्न सम्भव छ । उत्पादित सामग्री स्थानीय सरकारले खरिद गर्ने र बिक्री गर्ने प्रबन्ध पनि गर्न सकिन्छ ।

हाम्रो देशको खेतीपाती मूलतः पारिवारिक खेतीपाती भएकाले अन्य विकसित भनिएका देशहरूको जस्तो कृषि क्षेत्र ध्वंश नहुने भए पनि सचेतता र सही कदम उठाउनु भने आवश्यक छ । कर्पोरेट खेती धेरै भएका देशचाहिँ नराम्ररी थला पर्ने स्थिति देखिइरहेको छ ।

कोरोनाबाट बच्न रोग प्रतिरोधात्मक क्षमता बढाउनु जरुरी छ । यसका लागि स्वस्थ खाना आवश्यक हुन्छ । जसका लागि पनि हाम्रो कृषि र खाद्य प्रणाली जोगाइराख्न जरुरी छ । यसका लागि उपयुक्त र शीघ्र कदम आवश्यक छ । नभए कोरोना भन्दा भोकमरीको अर्को भाइरसले धेरै मर्ने अवस्था आउन सक्छ । तसर्थ सरकारको ध्यान ग्रामीण क्षेत्रमा कृषि श्रमिक, भूमिहीन र साना किसानसम्म पनि पुग्न जरुरी छ ।

(अनलाइनखबरडटकमबाट)

## एमएसटीको छैटौँ महाधिवेशन

# सडकमा नउत्री संवाद हुँदैन




ब्राजिलका भूमिहीन र कृषि श्रमिकहरूको सङ्गठनको नाम हो- एमएसटी। यो आफैँमा एक बृहत् सामाजिक आन्दोलन हो। जसले भूमि सुधारका लागि सङ्घर्ष गर्छ। ग्रामीण क्षेत्रको शोषण र सामाजिक अन्यायविरुद्ध जुध्छ। एमएसटीको मुख्य उद्देश्य भूमिहीन र कृषि श्रमिकलाई सङ्गठित गरी उनीहरूको आर्थिक, सामाजिक र राजनीतिक विकासका लागि मद्दत गर्ने, गरिब समुदायमा सूचना र कानुनी ज्ञान पुऱ्याउने र अधिकारका लागि सङ्घर्ष गर्ने रहेको छ।

ब्राजिलको अथाहा जग्गा सेना, जमिन्दार र सरकारको कब्जामा थियो। लाखौँ जनता भने भूमिहीन। त्यसरी कब्जा गरिएका जग्गा अधिकांश बाँझो थियो। यसरी बाँझो राखिएको जग्गा भूमिहीनले उपयोग गर्ने योजना बनाइ सङ्घर्ष थालेका थिए। यही सङ्घर्षबाट एमएसटीको जन्म भएको थियो। ठूला जमिन्दार र सरकारले जग्गा त्यत्तिकै राख्ने गरिब भने भोकै रहनुपर्ने अवस्थाबाट आजित भएर त्यस्तो जग्गाको सङ्गठितरूपमा उपयोग गर्ने अभियान भूमिहीनले थालेका थिए।

सन् १९८४ मा भएको यही राष्ट्रिय आन्दोलनबाट एमएसटीले औपचारिकता पाएको थियो। ३ दशकको अवधिमा २५ सय स्थानको जग्गा कब्जा गर्ने कार्यको नेतृत्व सङ्गठनले गरेको थियो। जहाँ ३ लाख ७० हजार परिवारले ७५ लाख हेक्टर जग्गा आफ्नो उपयोगमा ल्याएका छन्। उनीहरूले जग्गा लिँदा 'ओगट, प्रतिरोध गर र उत्पादन गर' को रणनीति अपनाएका थिए। यी परिवारका सबै बच्चालाई विद्यालय पठाइएको छ। र, सहकारीका माध्यमबाट कृषि कार्यका लागि आवश्यक ऋण जुटाइएको छ। अनि स्वास्थ्यमा पहुँच बढाइएको छ।

एमएसटीको छैटौँ महाधिवेशन फेब्रुअरी २०१४ मा भएको थियो। र, औपचारिक सुरुवात १० तारिखमा गरिएको थियो। उनीहरू भन्छन्- वास्तवमा महाधिवेशन सुरु भएको २ वर्ष भयो। आज भेट भएकोमात्र हो। हामी आफ्ना विषयमा

**ब्राजिलको अथाहा जग्गा सेना, जमिन्दार र सरकारको कब्जामा थियो। लाखौँ जनता भने भूमिहीन। त्यसरी कब्जा गरिएका जग्गा अधिकांश बाँझो थियो। यसरी बाँझो राखिएको जग्गा भूमिहीनले उपयोग गर्ने योजना बनाइ सङ्घर्ष थालेका थिए। यही सङ्घर्षबाट एमएसटीको जन्म भएको थियो।**

निरन्तर छलफलमा छौं। महाधिवेशनमा १५ हजार प्रतिनिधि थिए। २ सय अन्तर्राष्ट्रिय पर्यवेक्षक आफ्ना देश र सङ्गठनका झण्डा लिएर पुगेका थिए। ब्राजिलको राजधानी ब्रसालियामा भएको यही महाधिवेशनमा ३० औँ वार्षिकोत्सव पनि मनाइएको थियो। महाधिवेशनको उद्घाटन सत्रमा ४५ जना



सभासद (जुन त्यहाँको संसद्को १० प्रतिशत हुन्छ) सहभागी थिए। महाधिवेशनले नयाँ सदस्य र शक्ति थप्न मद्दत पुऱ्याउने उनीहरूको विश्वास छ। सङ्घर्ष र आन्दोलनलाई पुनर्गठन गर्न पनि महाधिवेशन आवश्यक हुन्छ। जनताको अधिकार पाउन विश्वको जुनसुकै कुनामा पनि जनपरिचालन आवश्यक हुने उनीहरूको बुझाइ छ।

महाधिवेशनबाट ५ वर्षका लागि नेतृत्व चयन गरियो। आन्दोलनको रणनीति र सङ्घर्षका कार्यक्रम अनुमोदन गराइयो। मूल नारा तोकियो। भन्छन्- 'नाराले आन्दोलनलाई एकीकृत गर्छ।' समन्वय समितिकी केली माफोर्ट महाधिवेशन ग्रामीण तहमा रहेका सदस्य र नेतृत्वबीचको अपूर्व भेट, सङ्घर्षका कथा र सिकाइ आदान/प्रदान गर्ने थलो भएको बताउनुहुन्छ। उहाँका अनुसार सम्मेलनमा उठेका विषय र सिकाइलाई आमसदस्य र नेतृत्वले कसरी लिन्छन् र अभ्यासमा ल्याउँछन् त्यसले नै आगामी आन्दोलन कस्तो हुने भन्नेमा निर्भर हुन्छ।

छैटौँ महाधिवेशनको मुख्य नारा जनताको कृषि सुधारका लागि सङ्घर्ष गरौँ भन्ने थियो। यस्तो नारा र उनीहरूको राजनीतिक र साङ्गठनिक दस्तावेज २ वर्षअघि नै तयार गरी सङ्गठनमा छलफलका लागि पठाइएको थियो। गाउँ र क्षेत्रमा भएका छलफलका आधारमा प्रतिनिधिहरूले महाधिवेशनमा बोल्नुपर्थ्यो। यस्तो निरन्तरको छलफलले नेतृत्वलाई खार्न पनि मद्दत पुगेको

**२३ वटा राज्यबाट आएका १५ हजार प्रतिनिधि कहाँ सुते होला ? के खाए होला ? यत्रो सङ्ख्याका प्रतिनिधिलाई झण्डै हप्ता दिन व्यवस्थापन गर्नु सजिलो थिएन। यसका लागि ठाउँ ठाउँमा शिविर खडा गरिएको थियो।**

थियो। एमएसटीको ३० वर्षे इतिहाँसमा यो पटक युवा र महिलाको उपस्थिति आधा आधा थियो। साथै सम्मेलनमा उपस्थित हुनेहरूले यसपटक बढी नै सक्रियता देखाएका थिए। ऱ्यालीमा होस् वा बहसमा उनीहरू अनेक तरहले सक्रियपूर्वक प्रस्तुत भएका देखिन्थे।

२३ वटा राज्यबाट आएका १५ हजार प्रतिनिधि कहाँ सुते होला ? के खाए होला ? यत्रो सङ्ख्याका प्रतिनिधिलाई झण्डै हप्ता दिन व्यवस्थापन गर्नु सजिलो थिएन। यसका लागि ठाउँ ठाउँमा शिविर खडा गरिएको थियो। त्यसका लागि चाहिने पाल सरकारले दिएको थियो। खाना भने आफैँले समूहमा तयार गरेका थिए। साझा भान्सा र सुताइले एउटै परिवारको जस्तो आत्मीयता ल्याएको थियो। यस्तो शिविरमा बस्दा पनि बेलुका पढाइ र लेखाइ भने अनिवार्य गरिएको थियो। महाधिवेशनमा आएका एक सहभागी भन्छन्- आधार तहमा रहेका नागरिकलाई नेतृत्वसम्म पहुँच पुऱ्याउने मौका हो यो। एमएसटी सामूहिक प्रयास र नेतृत्वमा अघि बढ्छ। एमएसटी माथिबाट तल निर्देशित हुने सङ्गठन हैन।

महाधिवेशन रङ्गशालामा गरिएको थियो र त्यसको सजावट भव्य थियो। राता पहिरनमा १५ हजार भूमिहीन र किसान जम्मा हुँदाको माहोल नै अर्कै थियो। ठाउँठाउँमा चित्रात्मक ब्यानर राखिएको थियो। सांस्कृतिक समूहले अनेकन झाँकी र कला प्रस्तुत गरेका थिए। सम्मेलनमा उनीहरूले किसान बजार पनि राखेका थिए। त्यहाँ सदस्यहरूले सामग्री बेच्ने र किन्ने मौका पाएका थिए।

सम्मेलनमा आउन नसक्नेले आफ्नो सङ्गठनलाई माया गरेर कार्ड, सामग्री र सन्देश पठाएका थिए। यस्तो भव्य महाधिवेशनले आखिर के दियो त ? उनीहरूका बुझाइमा सदस्य/सदस्यबीच सम्बन्ध नवीकरण गर्ने, थप साथी बनाउने अवसर दियो। र, भावी सङ्घर्षका लागि चाहिने शक्ति थप्यो।

एमएसटीका ४ वटा मूल मूल्य छन्। जसमा सामूहिक नेतृत्व, एकता, समुदाय र सदस्यप्रति सदा उत्तरदायी, अध्ययन र कार्य छन्। उनीहरूको उद्घोष छ- भूमि निजी सम्पत्ति हैन। हुन सक्दैन। पानी, हावा, उव्जाउ माटो, बीउ, जङ्गल पनि हुन सक्दैन। पृथ्वी ध्वस्त बनाउने आर्थिक मोडलको विरोध गरौँ। भूमिको आन्दोलन भनेको खाद्य सम्प्रभुता, स्वच्छ खाना उत्पादन, पर्यावरण संरक्षण, महिला र पुरुषमा समता अनि युवा स्वतन्त्रताको आन्दोलन हो। एमएसटी महाधिवेशनका अभ्यास र सिकाइ राष्ट्रिय भूमि अधिकार मञ्चको सम्मेलनमा पनि काम लाग्न सक्छन्।

# कृषि विकासको आधार



समाजवादी अर्थतन्त्रका पक्षमा लेख्दै र बोल्दै आएका नेता घनश्याम भुसालले कृषि तथा पशु पन्छी मन्त्रालय सम्हालेको ४ महिना वितेको छ । शुभेच्छुक र आमनागरिकले उनीबाट फरक नतिजाको अपेक्षा गरेका छन् । उनले मन्त्रीको जिम्मेवारी सम्हालेपछि तत्काल कुनै योजना वा विचार सुनाएनन् । भने- नबुझी बोल्दिन । मन्त्री भएको तेस्रो दिन ८(१० जनाको समूहमा छलफल भएको थियो । त्यहाँ पनि यत्ति बोले- म व्यक्तिगत काममा सरकारी स्रोत प्रयोग गर्दिन । गोष्ठी, तालिम र समारोहको उद्घाटन गर्ने कार्य सीमित गर्छु । चामत्कारिक अपेक्षा नगर्नूस् । मेरो उपस्थिति देखिने गरी काम हुन्छ ।


विभिन्न सरोकारवाला समूहसँगको छलफल, मिहीन अध्ययन र चिन्तनमननपछि उनले कृषि विकासका ५ नीतिगत आधार अगाडि सारेका छन् । उनले बुझेको दर्शनको कोणबाट समेत ओल्टाइपल्टाइ गरेर ल्याइएका यी आधारले सारमा सही बाटो समातेका छन् । समस्याको विश्लेषण सही हुन सके निधान सही हुने हो । कार्यान्वयन प्रभावकारी भएमा आगामी दिनमा कृषि क्षेत्रमा देखिने परिवर्तनको सुरुवात हुनेछ ।

मन्त्रीले अगाडि सारेका 'संरक्षित कृषि, सुनिश्चित बचत' को अठोटबारे थोरै चर्चा गरौं । कृषि अरूभन्दा फरक पेसा हो । अरू केही पेसा, व्यवसाय वा उत्पादन नभए पनि मानव जीवन चल्न सक्छ । तर कृषिबिना कुनै पनि पेसा वा क्षेत्रका मानिस जिउन सक्दैनन् । यस अर्थमा कृषि नगरे पनि हुने काम हैन । कृषकले गर्ने कर्मले उसको मात्र नभएर अरूको हितका लागि पनि कार्य गरिरहेको हुन्छ । यसो हुँदा कृषि क्षेत्रको संरक्षण राज्य, अरू पेसा वा व्यवसायमा संलग्न नागरिक र तिनका समूहले गर्नुपर्छ ।

जलवायु परिवर्तनको असर र अनेकन बाहिरी प्रभावको चपेटामा रहेको कृषि, संरक्षणबिना टिक्न सक्ने स्थिति छैन । पछिल्ला वर्षहरूमा कृषि कर्म गर्नेहरूको सङ्ख्या घट्दो छ । निजी स्वामित्वको जमिनसमेत बाँझो हुन थालेको छ । यसको कारण वैदेशिक रोजगारीका लागि श्रम शक्ति बाहिरिएको, शहरी बसाइँ सराइ आदि कारण देखाइए पनि खास कारण अरू नै छन् । कृषि कर्म गर्दा बचत नहुने स्थिति भएकाले कृषिमा आकर्षण कम हुन पुगेको हो ।

**कृषि अरूभन्दा फरक पेसा हो । अरू केही पेसा, व्यवसाय वा उत्पादन नभए पनि मानव जीवन चल्न सक्छ । तर कृषिबिना कुनै पनि पेसा वा क्षेत्रका मानिस जिउन सक्दैनन् ।**

जुनसुकै पेसा वा व्यवसाय गर्दा पनि त्यसको आम्दानीबाट आफू र परिवारको आधारभूत आवश्यकता, शिक्षा, स्वास्थ्य र सामाजिक कर्ममा लगानी एवं केही न केही बचत नहुने अवस्थामा सो पेसा वा व्यवसायप्रति स्वाभाविकरूपमा आकर्षण रहँदैन । कृषि कार्य अन्य भन्दा कठिन काम हो । लगानी पनि नउठ्ने परिस्थितिमा किसान उत्प्रेरित भएर खेती गरीरहन सक्दैन । यसो हुँदा न्यूनतम बचत हुने अवस्था सुनिश्चित



गर्नु अपरिहार्य भएको छ। यसरी हेर्दा मन्त्रीले कृषि क्षेत्रको समस्यालाई सही तरिकाले ठम्याएका छन् भन्ने लाग्छ।

कृषि विकासका लागि भनेर लामो समयदेखि व्यक्ति वा समूहलाई दिँदै आएको विभिन्नखाले अनुदान सदुपयोग भन्दा बढी दुरूपयोग भएको छ। आफैँ प्रत्यक्ष कृषिमा संलग्न नभएको पहुँचवालाले बढी अनुदान लगेको अवस्था छ। यसलाई सच्याउन उत्पादन सामग्रीमा अनुदान दिने जुन नीति लिन खोजिएको छ यसले उत्पादनमा गरेको लगानीमा निश्चित प्रतिशत अनुदान सबैले पाउने स्थिति हुनेछ। कसैले पाउने र कसैले नपाउने स्थिति हुँदैन। नगरी अनुदान लिने कुचलन पनि अन्त्य हुनेछ।

सबै किसानको घरदैलोमा प्राविधिक सेवा पुऱ्याउने अर्को सङ्कल्प पनि निकै महत्वपूर्ण छ। प्राविधिक सहजरूपमा उपलब्ध भएमा उत्पादन वृद्धिका लागि मद्दत पुग्छ। वाली वा पशु पालनमा हुने नोक्सानी समयमा नै रोक्न सकिन्छ। यसरी परिचालन गरिने प्राविधिक सकभर स्थानीय हुनुपर्छ। उनीहरूको ज्ञान र सिप तिखार्ने योजना पनि साथसाथै आवश्यक हुन्छ। ज्ञान र सिपबिनाको सङ्ख्यात्मक उपस्थितिले मात्र अर्थ राख्दैन। यस्ता प्राविधिकहरू आफू र आफ्नो परिवारका सदस्य मिलेर बिहान बेलुका आफैँ पनि कृषि कर्ममा सहभागी भएका हुनुपर्ने विषयलाई अनिवार्य तुल्याउनुपर्छ। अर्थात सिकाउने तर आफू भने नगर्ने प्राविधिकले नयाँ चुनौती सामना गर्न सक्ने सामर्थ्य राख्न सक्दैन। खेती किसानीमा महिला बढी संलग्न भइरहेका अवस्थामा आधा प्राविधिक महिला राखिनुपर्छ।

**कृषि विकासका लागि भनेर लामो समयदेखि व्यक्ति वा समूहलाई दिँदै आएको विभिन्नखाले अनुदान सदुपयोग भन्दा बढी दुरूपयोग भएको छ। आफैँ प्रत्यक्ष कृषिमा संलग्न नभएको पहुँचवालाले बढी अनुदान लगेको अवस्था छ।**

कृषि क्षेत्र संरक्षणका लागि अनुदान मात्र पर्याप्त हुँदैन। किसानलाई सस्तो र सुलभ ऋण आवश्यक हुन्छ। हरेक किसानलाई ५ प्रतिशत नबढ्ने गरी सुलभ ऋणको प्रत्याभूति गर्ने कार्य व्यवहारमा कार्यान्वयन भए यसबाट कृषि क्षेत्रले फड्को मार्न सक्छ। यसमा पनि भूमिहीन, साना किसान र अन्य किसानलाई फरक फरक ब्याजदर कायम गर्नुपर्छ। यस्तो ऋणमा पहुँचका लागि सरल परिपाटी विकास हुन र दरिलो अनुगमन प्रणाली आवश्यक छ।

प्राकृतिक प्रकोप र अन्य भवितव्यबाट संरक्षणका लागि बिमा आवश्यक छ। तर निजी क्षेत्रले सञ्चालन गरेको अहिलेको बिमा प्रणाली सहज र भरपर्दो छैन। बिमा दावी गर्न दुर्गम क्षेत्रका साधारण किसानलाई सजिलो छैन। यसो हुँदा सहकारी वा सामुदायिक बिमा प्रणालीका अन्य स्वरूपमा पनि छलफल र बहस हुन आवश्यक छ। अर्थात अहिलेकै प्रणालीमा पनि गहिरो समीक्षा भई किसान नठगिने स्थिति तुल्याउनुपर्छ।

किसानले उत्पादन गर्ने मुख्य बाली/वस्तुको लागत मूल्याङ्कन गरेर उचित बचत सुनिश्चित हुनेगरी न्यूनतम समर्थन मूल्य तोकिने र सरकारले तोकेको मूल्य भन्दा कम बजारमा पाउने स्थिति भएमा सरकारले किनिदिने सुनिश्चितता अर्को महत्वपूर्ण नीति हो। यसका लागि आवश्यक संयन्त्र र पूर्वाधार निर्माण गर्ने कार्यमा लागिहाल्न आवश्यक छ।

कृषि मन्त्रीले अगाडि सार्नुभएका यी विषय अवश्य महत्वपूर्ण छन्। यसको सफलताका केही सर्त छन्। यी कार्यक्रम कार्यान्वयनका लागि मूलतः हालको

कृषि संरचनाको पुनर्गठन जरुरी छ। सबै वडामा प्राविधिक पुग्ने स्थिति तुल्याउनु पनि संरचनाअन्तर्गतकै काम हो। अहिलेको संरचना आवश्यकतालाई विचार गरेर नभई कर्मचारी व्यवस्थापनलाई हेरेर तय गरिएको छ। ज्ञान केन्द्र जेलाई भनिएको छ त्यो ज्ञान केन्द्र हुनै सक्दैन। ज्ञान केन्द्रलाई २६५ निर्वाचन क्षेत्रमा हुने गरी सो क्षेत्रको खेतीपाती र पशु पालन प्रणालीसँग मिल्दोजुल्दो हुने गरी फार्मका रूपमा विकास गर्नुपर्छ। ज्ञान केन्द्रमा खेतीपाती र पशु पालन भएको हुनुपर्‍यो। किसान आएर सिक्ने थलोका रूपमा विकास गर्नुपर्छ यस्ता केन्द्र भनिने ठाउँलाई। अनि सङ्घीय तहमा अहिले जुन जनशक्ति छ त्यो आवश्यक छैन।

अर्को मूल प्रश्न भनेको कृषि विकासको बाटो कुन लिने भन्नेमा छ। कृषि मन्त्रीले अगाडि सारेका सूत्रले दिगो र पारिवारिक खेती प्रणालीलाई जोड दिन खोजेको देखिन्छ। यस विषयलाई सरकारले आगामी दस्तावेजमा अझ स्पष्ट गर्न आवश्यक छ। लामो समयदेखि कस्तो कृषि प्रणाली भन्नेमा बहस जारी छ। तर कुनै स्पष्ट बाटो समात्न सकिएको छैन। धेरै छलफल, गोष्ठी, तालिम तिनै विषयमा रुमलिएको छ। हाम्रो जस्तो भौगोलिक विविधता, पर्यावरण, संस्कृति र साना किसानको बाहुल्य रहेको मुलुकमा व्यावसायिक कृषिका नाममा विकास गर्न खोजिएको कर्पोरेट कृषिको मोडल कुनै पनि दृष्टिकोणले उपयुक्त हुँदैन।

जलवायु परिवर्तन जस्ता जटिल पर्यावरणीय समस्याले कर्पोरेट कृषिको मोडल ठीक नभएको भन्दै विकसित मुलुकहरूमा समेत आन्दोलन भइरहेका छन्। ऐतिहासिकरूपमा सीमान्तकृत रहँदै आएका भूमिहीन, मोही, साना र मध्यम किसानको समग्र सवलीकरण गर्दै समतामूलक कृषि अर्थतन्त्रलाई सुदृढ बनाउनु आजको आवश्यकता हो। कृषिको औद्योगिकीकरण वा निर्यातमुखी कृषि प्रवर्धनका नाममा सीमित स्वदेशी र विदेशी पुँजीपतिको नियन्त्रणमा जाने कृषि कर्पोरेटाइजेसनको गलत बाटो हामी हिँड्नु हुँदैन।

अरू देशमा २ वा ४ प्रतिशतले खेती गरेर खान र बेच्न पुर्‍याएका छन्। हाम्रोमा ६० प्रतिशतले किसानी गर्दा खान पुगेको छैन भन्ने विषय बारम्बार उठ्ने गरेको छ। २ वा ४ प्रतिशत मात्र खेतीमा संलग्न भएकाले प्रयोग गरेका मेसिन, केमिकल आदिले पर्यावरण, माटो र मानव स्वास्थ्यमा पुर्‍याएको असरलाई बेवास्ता गर्नुहुँदैन। यी सबै हिसावले मुलुकको २० देखि ३० प्रतिशत जनसङ्ख्या कृषिमा लागी नै रहनुपर्छ। कृषिमा कर्पोराइटजेसन नभइसकेको आजको अवस्थामा पनि रासायनिक मल र विषादीको बढ्दो प्रयोगबाट उत्पादित खाद्यवस्तु प्रयोग गर्दा नयाँ नयाँ रोग र बिरामी बढिरहेका अवस्था छ। नेपालको कृषिलाई आजैबाट नागरिकको स्वास्थ्यसँग पनि जोडेर हेर्न ढिला भइसकेको छ। कृषिको आजको लक्ष्य निर्यात नभएर आफ्ना नागरिकलाई स्वस्थ खाना र कृषिमा आत्मनिर्भरता हुनुपर्छ।

**कृषि पेसामा लागेका आधाभन्दा बढीको जग्गा १५ कठ्ठा भन्दा कम छ। चौथाइ जनसङ्ख्या भूमिहीन छ। अलि बढी जमिन भएका आफैँ खेती गर्दैनन्। यस्तो स्थितिमा खेती नगर्नेले जमिन बेच्ने वा लामो अवधिका लागि किसानलाई कमाउन दिने वातावरण बनाउनुपर्छ।**

भूमि वितरण र उपयोगको विषयलाई पनि कृषि विकासका लागि साथै समेटेर लैजानुपर्छ। कृषि पेसामा लागेका आधाभन्दा बढीको जग्गा १५ कठ्ठा भन्दा कम छ। चौथाइ जनसङ्ख्या भूमिहीन छ। अलि बढी जमिन भएका आफैँ खेती गर्दैनन्। यस्तो स्थितिमा खेती नगर्नेले जमिन बेच्ने वा लामो अवधिका लागि किसानलाई कमाउन दिने वातावरण बनाउनुपर्छ। खेर गइरहेको कृषि जमिन भूमिहीन र सीमान्त किसानको स्वामित्व वा पहुँचमा पुर्‍याउनुपर्छ। कृषि भूमिलाई कुनै पनि बहानामा गैरकृषि प्रयोजनमा लग्न दिनुहुँदैन। कृषि भूमि जोगिएन र यो किसानबाट फुत्केर गैरकिसानको स्वामित्वमा पुग्यो भने यसले ल्याउने स्थिति सुखद हुने छैन।

कृषिको विकासका लागि स्थानीय सरकार महत्वपूर्ण अवसर हो। प्रदेश र सङ्घले सघाउने गरी हरेक स्थानीय तहले आफ्नो पालिकास्तरको भूमि र कृषिको परिवेश विश्लेषण गर्दै दीर्घकालीन सोचका साथ वार्षिक योजना बनाएर कार्यान्वयनमा ल्याउन आवश्यक छ। हरेक स्थानीय तहले आफ्ना पालिकाका नागरिकलाई स्वस्थ खाना खुवाउने र कम्तीमा कृषि उत्पादनमा आत्मनिर्भर वा अन्तरनिर्भर हुने स्थितिका लागि अभियान चलाउनुपर्छ। हरेक स्थानीय तहले कृषि र पशु पालनलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ।

कृषि मन्त्रीले अगाडि सारेका नीति सफल बनाउन तीनै तहले यसलाई मार्गदर्शनका रूपमा लिइ अबको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरेर कार्यान्वयनमा ल्याउनुपर्छ। स्वदेशी तथा विदेशी सङ्घ/संस्थाले पनि यसैलाई मद्दत हुने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। ४ महिनाको मौनतापछि अगाडि सारिएका नीतिहरूले कृषि क्षेत्रको विकासमा नयाँ आशाको टुसो पलाएको छ। यो बृहत् अभियानमा सबैले हातेमालो गरौँ। ✿

# भूमि सम्बन्धी (आठौं संशोधन) ऐन, २०७६



### ऐनमा नयाँ के छ ?

हदबन्दी भन्दा बढि जग्गा भएको व्यक्ति वा निजको परिवारको जग्गा भूमिसुधार तथा मालपोत कार्यालयले छानविनको टुङ्गो नलागेसम्म रोक्का राख्नु पर्ने व्यवस्था थपिएको छ। अब हदबन्दी भन्दा बढि जग्गा भएकाले हदबन्दी कार्वाही नटुङ्याई कारोवार गर्न सक्दैनन्। पछिल्लो हदबन्दी लागु भएको २०५८ सालमा नै यस्तो व्यवस्था गरिएको भए हदबन्दीबाट थोरै भएपनि जमिन प्राप्त गर्न सकिन्थ्यो। धेरै ढिला गरी रोक्का सम्बन्धी व्यवस्था गरिएको छ। रोक्का राखिएका जग्गामा मोही लागेको रहेछ भने मोहीले आफ्नो भाग लिन बाधा नपर्ने उल्लेख छ। यसले बाँडफाँडको प्रक्रियामा लामो समयदेखी तारेख मात्र धाईरहेका मोहीको मागलाई सम्बोधन गरेको छ।

मोही लागेको तर मोहीले स्वईच्छाले जोतभोग नगरेको भन्ने प्रमाणित हुन आएमा आधा जग्गा जग्गाधनी र आधा सरकारको हुने व्यवस्था गरिएको छ। यसअघि कतिपय जग्गाधनीले जग्गा नदिने उद्देश्यले मोहीलाई भर्पाई नदिने, बलपुर्वक निष्काशन गर्ने समस्या थियो। अब मोहीलाई निकालेपनि आधा जमिन सरकारले लिने हुँदा मोहीलाई बलपुर्वक निकाल्ने लगायतका जालसाँझी कम हुनेछ।

सूचित आदेश बमोजिम उद्योग, प्रतिष्ठान वा कम्पनीले हदबन्दी भन्दा बढी जग्गा राख्न पाउने व्यवस्था पुरानै हो। कसैले अत्यावस्यक भई हदभन्दा बढी जग्गा राखी स्विकृती लिएको रहेनछ भने ऐन प्रारम्भ भएको मितिले तिन महिना भित्रमा निवेदन दिनुपर्ने व्यवस्था विधेयकमा छ। निवेदन औचित्यपुर्ण देखिएमा दस्तुर लिई सरकारले एक पटकलाई छुट दिने सक्नेछ। सञ्चालनमा नआएका उद्योग, कम्पनी वा संस्थाले भने यस्तो छुट पाउने छैनन्। नयाँ उद्योग, कम्पनी वा प्रतिष्ठानले पनि छुट लिन पाउने कानुन विद्यमान रहेको अवस्थामा पुराना केहीले नलिएका रहेछन् भने त्यसलाई नियमन गर्न खोजिएको देखिन्छ। छुट लिएको जग्गा स्थान्तरण र सट्टापट्टा सम्बन्धी प्रावधानको भने विरोध भएको छ। जग्गाको मुल्य बढि भएको स्थानको जग्गा बेचेर सस्तो ठाउँमा किन्ने प्रक्रिया बढ्ने चिन्ता देखिन्छ। नियमनकारी निकायका भूमिका प्रभावकारी नहुने स्थितीमा यस्तो छुटको दुरूपयोग हुने खतरामा प्रश्न उठ्नु अस्वभावीक हैन।

छुट दिएका जग्गाहरू उद्देश्य अनुरूप उपयोग भए नभएको अनुगमन गर्ने कुनै परिपाटी विगतमा रहेनछ । विधेयकले उद्देश्य अनुरूप कार्य सम्पादन गरे वा नगरेको सम्बन्धमा अनुगमन तथा निरिक्षण गर्न समिति बनाउने व्यवस्था गरेको छ। समितिले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र अनुगमन तथा निरिक्षण गरी विभाग र विभागले अर्को एक महिना भित्र राय सहित मन्त्रालयमा प्रतिवेदन बुझाउनु पर्ने अनिवार्य व्यवस्था गरिएको छ। उद्देश्य अनुरूप प्रयोग नभएको पाईए मन्त्रालयले उक्त जग्गा जफत गरी नेपाल सरकारको नाममा गर्ने व्यवस्था थपिएको छ।

पहिलो पटक सरकारले भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विषयलाई ऐनमा नै व्यवस्था गरेर सम्बोधन गर्न खोजेको छ। यसअघि आयोग बनाएर निश्चित कार्यादेशको आधारमा सम्बोधन गर्ने प्रयास भएका थिए। भूमिहीन सुकुम्वासीलाई एक पटकको लागि तोकिएको क्षेत्रफलको हद नबढ्ने गरी जग्गा दिने व्यवस्था गरेको छ। धार्मीक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्र

भित्रका, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्ट्रिकोणबाट सुरक्षित गर्न आवश्यक, नदी, खोला वा नहर किनारा, सडक सीमा, हाल रुख विरुवाले ढाकिएको जग्गा कोही कसैलाई पनि नदिने र त्यस्तो ठाउँमा बसेकालाई अन्यत्र व्यवस्था गर्ने व्यवस्था छ। यस्तो स्पष्ट व्यवस्थाले त्यस्ता क्षेत्रमा अव मानीसहरू बसोवास गर्ने क्रम रोक्न सहज हुनेछ।

ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा बन क्षेत्र जनिएको भएतापनि आवादीमा परिणत भएको जग्गा कम्तिमा दश वर्ष अघिदेखी आवाद कमोतगरी आएका अव्यवस्थित बसोवासीलाई एक पटकका लागि तोकिएको क्षेत्रफलको हद नबढ्ने गरी जग्गा उपलव्ध गराउन व्यवस्था छ। यसले बन क्षत्र सकिने भो, अतिक्रमणकारीलाई प्रोत्साहन हुने हो भन्ने कुरा सही होईन्। कुल भूभागको झण्डै चौथाई जमिन ननापीएको अवस्था छ। ऐलानीमा बसोवास गर्दै आएका कतिलाई सरकारले नै बसाएको हो। केही सिमीत शहरी र राजमार्गको स्थितीलाई मात्र हेरेर धारणा बनाउनु गलत हुन्छ। बरु यो समस्या समाधान नगर्दाचाँही समस्या बढेर जान्छ।

### कार्यान्वयन महत्वपूर्ण

विधेयक सम्बन्धमा संसद र बाहिर पनि हदबन्दी छुट र सरकारी प्रयोजनको लागि गौचरणको जग्गा प्रयोग गर्न सकिने विषयले बढी चर्चा पायो। मोही, भूमिहिन र सुकुम्वासीको सम्बन्धमा गरिएका व्यवस्था बारे कम छलफल भयो। नियमावली बनाउँदा गृहकार्य राम्रो भए भूमीहिन र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्ने ढोका विधेयकले खोलेको छ। संविधानमा नै सबैको आवास, खाद्य र किसानलाई कृषियोग्य भूमि उपलब्ध गराउने ग्यारेन्टी गरिएको अवस्थामा न्यूनतम भूमिको ग्यारेन्टी हुनु अपरीहार्य छ।

विधेयकले गरेको व्यवस्थालाई कार्यान्वयनमा लैजान विगतका बनेका सुकुम्वासी आयोको कार्यादेशको गहिरो अध्ययन गर्न आवस्यक छ। समस्या समाधान नहुनुका कारण पहिचान गरी तिनलाई सम्बोधन हुने गरी नियमावली र आयोगको कार्यादेश बनाउनु पर्दछ। कृषि नगर्ने सुकुम्वासीलाई बसोबासको लागि मात्र जग्गा उपलव्ध गराउँदा हुन्छ। तर कृषि कर्म गरिरहेका भूमिहीनलाई उपलव्ध भए सम्म जमिन दिनुपर्दछ। यस सम्बन्धमा नियावली बनाउनु पुर्व समस्या बढी भएका समुदायमा नै गई छलफल गर्नुपर्दछ। स्थानीय र प्रदेश सरकारका प्रतिनिधीसँग पनि प्रतिनिधीमुलक छलफल चलाउनु पर्दछ। यो कामलाई सरकारको मात्र जिम्मामा नछोडेर राष्ट्रिय अभियानको रूपमा लिएर सही प्रयासलाई सघाउने र कतै बदमासी हुन खोजे खवरदारी गर्नुपर्दछ।

**पहिलो पटक सरकारले भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विषयलाई ऐनमा नै व्यवस्था गरेर सम्बोधन गर्न खोजेको छ। यसअघि आयोग बनाएर निश्चित कार्यादेशको आधारमा सम्बोधन गर्ने प्रयास भएका थिए।**

१८. मूल ऐनमा दफा ५२ख, ५२ग., ५२घ., ५२ङ. र ५२च. थप मूल ऐनको दफा ५२क. पछि देहायका दफा ५२ख., ५२ग., ५२घ., ५२ङ. र ५२च. थपिएका छन्

“५२ख. भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भूमिहीन सुकुम्बासीलाई एकपटकका लागि नेपाल सरकारले उपदफा (द्ध) को अधीनमा रही निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहर्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउनेछ।

(२) भूमिहीन सुकुम्बासीलाई तोकिएको क्षेत्रफलभन्दा बढी जग्गा आबाद वा कमोत गरी आएको अवस्था रहेछ भने त्यसरी तोकिएको क्षेत्रफलभन्दा बढीको जग्गा यस दफाको अधीनमा रही अन्य भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन वा नेपाल सरकारले अन्य प्रयोजनको लागि उपयोग गर्नेछ।

(३) यस दफा बमोजिम भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराइएको जग्गा अंशवण्डा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रक्रियाबाट दश वर्षसम्म हस्तान्तरण गर्न पाइने छैन र सो अवधि पश्चात् समेत त्यस्तो जग्गा स्वामित्वविहीन हुने गरी कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाइने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम जग्गा उपलब्ध गराउँदा देहायको जग्गा उपलब्ध गराइने छैन

(क) धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा,

(ख) प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा,

(ग) सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रूख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगको लागि आवश्यक रहेको जग्गा, र

(ङ) अन्य तोकिए बमोजिमका स्थानका जग्गा।

(५) कुनै व्यक्ति वा निजको परिवारलाई नेपाल सरकारले कुनै प्रकारले सरकारी जग्गा वा आवास उपलब्ध गराएको रहेछ भने त्यस्तो व्यक्ति वा परिवारलाई यस दफा बमोजिम जग्गा उपलब्ध गराइने छैन।




(६) यस दफा बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन सुकुम्बासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र प्रमाण सङ्कलन गरी निजहरूलाई जग्गा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक आयोग गठन गर्न सक्नेछ।

(८) उपदफा (६) बमोजिम गठन हुने आयोगले यो ऐन प्रारम्भ हुनुअघि नेपाल सरकारको निर्णय बमोजिम गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्याहरूको समेत समाधान गर्नेछ।

५२ग. अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्ष अघिदेखि आबाद कमोत गरिआएका अव्यवस्थित बसोबासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अव्यवस्थित बसोबासीहरू दफा ५२ख. को उपदफा (४) मा उल्लिखित जग्गामा बसोबास गरिआएका रहेछन् भने निजहरूलाई त्यस्तो जग्गा उपलब्ध गराइने छैन।

(३) उपदफा (१) बमोजिम अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा निजको आर्थिक अवस्था, बसोबासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्याङ्कन, आबाद कमोतको अवधि र अन्यत्र जग्गा भए, नभएको लगायतका आधारमा तोकिए बमोजिम वर्गीकरण गरी वर्गीकरण अनुसार तोकिए बमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्नेछ।

(४) अव्यवस्थित बसोबासीले तोकिएको क्षेत्रफलभन्दा बढी जग्गामा आबाद कमोत गरिआएको अवस्था रहेछ भने त्यसरी तोकिएको क्षेत्रफलभन्दा बढीको जग्गा नेपाल सरकारले अन्य प्रयोजनको लागि उपयोग गर्न सक्नेछ।

(५) यस दफा बमोजिम अव्यवस्थित बसोबासीको लागि जग्गा उपलब्ध गराउँदा जग्गा सट्टाभर्नाको क्रममा बसोबास गरेका अव्यवस्थित बसोबासीलाई निजले भोगचलन गरिआएको सरकारी जग्गामध्येबाट सट्टाभर्नाको समयमा सम्बन्धित निकायबाट उपलब्ध गराएको कागज प्रमाणमा उल्लिखित क्षेत्रफलमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सकिनेछ।

(६) यस दफा बमोजिम उपलब्ध गराइएको जग्गा अंशवण्डा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै पनि प्रक्रियाबाट दश वर्षसम्म कुनै पनि व्यक्तिलाई हक हस्तान्तरण गर्न पाइने छैन।

(७) यस दफा बमोजिम कुनै अव्यवस्थित बसोबासी वा निजको परिवारलाई नेपाल सरकारले कुनै प्रकारले सरकारी जग्गा वा आवास उपलब्ध गराएको रहेछ भने त्यस्तो व्यक्ति वा परिवारलाई यस दफा बमोजिम जग्गा उपलब्ध गराइने छैन। ✿

**विधेयक सम्बन्धमा संसद र बाहिर पनि हदबन्दी छुट र सरकारी प्रयोजनको लागि गौचरणको जग्गा प्रयोग गर्न सकिने विषयले बढी चर्चा पायो। मोही, भूमिहिन र सुकुम्वासीको सम्बन्धमा गरिएका व्यवस्था बारे कम छलफल भयो। नियमावली बनाउँदा गृहकार्य राम्रो भए भूमीहिन र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्ने ढोका विधेयकले खोलेको छ।**

















भूमिहीन, सुकुम्बासी तथा मोहि किसानलाई जमिनको अधिकार सुनिश्चित गर्न र कानुनको पूर्ण कार्यान्वयनको माग राख्दै २०७६ फागुन १८ देखि २२ गतेसम्म प्रदेश ५ को बर्दियामा निकालिएको सन्देश यात्रा ।